म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक ८८ शुक्रबार १७ कात्तिक २०८० ने. सं. ११४३ कौलागा 3 November 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## महोत्सवमा थाहा आइडल प्रतियोगिता

हेटौंडा, १६ कात्तिक/जिल्लाको उत्तरी क्षेत्रस्थित थाहा नगर पालिकाको इन्द्रायणी चौरमा हुने थाहा महोत्सवमा थाहा आइडन प्रतियोगिता गरिने भएको छ ।

चौंथो थाहा महोत्सवमा थाहा आइडल प्रतियोगिता आयोजना हुने भएको आयोजक थाहा नगर उद्योग वाणिज्य संघका महासचिव जर्म श्रेष्ठले जानकारी दिए । आगामी मंसिर १४ गतेबाट महोत्सव हुँदैछ । महोत्सवमा एकल नृत्य प्रतियोगिता सञ्चालन गरिने श्रेष्ठले बताए । प्रतियोगितामा सहभागी हुन इच्छुक व्यक्तिहरुले महोत्सवको सचिवालयमा पुगेर फाराम भर्नुपर्ने आयोजकले जनाएको छ ।

सचिवालय शिखरकोटस्थित थाहा नगर उद्योग वाणिज्य संघको भवनमा रहेको छ । आइडलको उपाधि जित्नेले ३० हजार नगद पुरस्कार प्राप्त गर्नेछ । यसैगरी, द्वितीय र तृतीय पुरस्कार क्रमश: २० हजार र १० हजार रहेको छ । आइडलको विस्तृत जानकारीका लागि कार्यक्रम संयोजक यादवजंग रायमाझीसँग सम्पर्क गर्न सकिने आयोजकले जानकारी दिएको छ ।

# हेटौंडामा खेलकुद व्यापार महोत्सव हुने

## राष्ट्रियदेखि जिल्लास्तरका १४ वटा प्रतियोगिता हुने

नविन तिमल्सिना

हेटौंडा, १६ कात्तिक/ हेटौंडामा वृहत् खेलकुद तथा व्यापार महोत्सव हुने भएको छ । एउटै प्राङ्गणमा खेलकुद, संगीत, नृत्यको मनोरञ्जनसँगै व्यापारिक स्टलसमेत रहने गरी महोत्सव आयोजना गर्न लागिएको छ ।

हेटौंडा उपमहानगर पालिका-१०, स्थित टीसीएन चौर (आँखा अस्पतालपछाडि) मकवानपुर जिल्ला खेलकुद विकास समिति र औद्योगिक शान्ति नेपाल संस्था काठमाडौंको संयुक्त आयोजनामा खेलकुद तथा व्यापार महोत्सव आयोजनाको तयारी तीव्र बनाइएको हो । महोत्सव ५ पुसदेखि १७ गतेसम्म सञ्चालन हुने खेलकुद विकास समिति मकवानपुरका अध्यक्ष वेष खड्गीले जानकारी दिए । खड्गीले टीसीएन चौरभित्रै सबै खेलकुद प्रतियोगिता, सांगीतिक कार्यक्रम र व्यापारिक स्टलहरु रहने बताए ।

टीसीएन चौरमै एक वर्षअघि मकवानपुर उद्योग वाणिज्य संघले औद्योगिक तथा व्यापारिक मेला आयोजना गरेको थियो । समिति अध्यक्ष खड्गीका अनुसार महोत्सवका लागि हेटौंडा उपमहानगरपालिकाबाट अनुमति प्राप्त भइसकेको छ । विगतमा हुँदै आएका औद्योगिक व्यापार मेला भन्दा खेलकुद तथा व्यापार मेला फरक प्रकृतिको रहेको अध्यक्ष खड्गीले बताए । 'हामी मेला अवधिभर किनमेल, सांगीतिक प्रस्तुति, नृत्यसहित दैनिकरुपमा खेलकुद प्रतियोगितासमेत आयोजना गर्नेछौं', उनले भने ।


पत्रकार सम्मेलनमा आफ्नो धारणा राख्दै जिल्ला खेलकुद विकास समितिका अध्यक्ष वेष खड्गीलगायत ।

खड्गीले महोत्सव अवधिमा १४ वटा विधामा राष्ट्रिय, प्रदेश र जिल्लास्तरीय खेलकुद प्रतियोगिता सञ्चालन गरिने बताए । महोत्सवमा राष्ट्रियस्तरको उसु (महिला/पुरुष), राष्ट्रिय महिला भलिबल, प्रदेशस्तरीय आमन्त्रित महिला र पुरुषको कबड्डी, जिल्लास्तरीय महिला र पुरुष कराँते प्रतियोगिता हुने खड्गीले जानकारी दिए । जिल्लास्तरीय महिला र पुरुषको फुलकन्ट्याक्ट कराँते, जिल्लाको विद्यालयस्तरीय एथ्लेटिक्स, आर्चरी खेल प्रदर्शन, आमन्त्रित राष्ट्रिय रेस्लिङ, कुस्तीमा आमन्त्रित अन्तर्राष्ट्रिय प्रदर्शन र खुला आमन्त्रित ब्याडमिन्टन प्रतियोगिता गरिने आयोजकले जानकारी दिएको छ ।

प्रदेश र जिल्लास्तरीय आईटीएफ तेक्वान्दो, प्रदेशस्तरीय हक्की र महिला प्रदेशस्तरीय सेभेन-ए साइड फुटबल खेल हुनेछ । महोत्सवमा कृषि, पर्यटन, हस्तकला, अटोमोबाइलका साथै बाल उद्यान समेत राखिने समितिले जनाएको छ । एसियाकै उत्कृष्ट बाल उद्यान जसमा पिङ, नाउ, ड्राइगन, ट्रेन, मारुति सर्कस, रेन्जर, क्रस, ब्रेक डान्स, मिकी माउस, डुंगा तथा अन्य बालबालिकाको खेलौना राखिने आयोजकले जनाएको छ । महोत्सवमा राष्ट्रिय तथा स्थानीय कलाकारहरुको हास्यव्यंग्य, नृत्य, गायन तथा जादुको बेजोड प्रस्तुति, खुला नृत्य प्रतियोगिता र लाइभ दोहोरी कार्यक्रम हुनेछ ।

महोत्वसमा जुवाजन्य क्रियाकलाप र मादक पदार्थ बिक्री तथा सेवनलाई पूर्णरुपमा निषेध गरिएको आयोजकले जानकारी दिएको छ । महोत्सव कार्यक्रम संयोजकसमेत रहेका खेलकुद विकास समिति अध्यक्ष खड्गीले मेलाबाट प्राप्त हुने रकमबाट वर्षभर खेलकुद प्रतियोगिता आयोजना गरिने बताए । 'महोत्सव गरिएको खेलकुद विकास र प्रवर्द्धनका लागि हो । महोत्सवबाट प्राप्त आम्दानी खेलकुद क्षेत्रको उन्नतिमै खर्च गरिनेछ', खड्गी भन्छन् ।

जिल्ला खेलकुद विकास समिति चालू आर्थिक वर्ष २०८०/८१ को कार्य योजना बनाएर अगाडि बढेको छ । समितिद्वारा ५-६ साउनमा थाहा नगरपालिकाको चित्लाङमा खेल संघका पदाधिकारी तथा प्रशिक्षकसँग आयोजना गरेको अन्तरसंवाद र कार्य योजना निर्माण कार्यशालाले १० वटा बुँदामा योजना बनाएको थियो । समितिअन्तर्गत् रहेका खेलकुद संघहरुको वार्षिक कार्यक्रम, प्रतियोगिताका लागि प्रोत्साहन गर्ने, राष्ट्रिपति रनिङ शिल्ड खेलकुद सञ्चालन, तेस्रो प्रदेशस्तरीय प्रतियोगिता सम्बन्धमा, खेलकुद प्रशिक्षण, अन्य प्रतियोगिता सम्बन्धमा, सम्मान तथा पुरस्कार, समन्वय, सहभागिता र आर्थिक स्रोत व्यवस्थानका बारेमा कार्य योजना बनाइएको थियो ।

कार्य योजनाअनुसार जिल्लामा रहेका प्रत्येक खेलकुद संघहरुले वर्षमा कम्तिमा एउटा जिल्ला स्तरीय प्रतियोगिता गर्ने, जिल्लास्तरीय प्रतियोगिताको मिति तय गर्ने, खेल संघहरुको सक्रियता बढाउने, रेफ्रि रिफ्रेसर कोर्ष तालिम सञ्चालन गर्ने, संघहरुले आयोजना गर्ने जिल्लास्तरको प्रतियोगितालाई समितिले १० हजारदेखि २५ हजार सम्म सहयोग गर्ने, प्रदेश र राष्ट्रियस्तरको प्रतियोगिताका ५० हजारदेखि १ लाखसम्म सहयोग, राष्ट्रपति रनिङ शिल्डको जिल्ला प्रतियोगिता १५ माघभित्र गरिसक्ने, राष्ट्रियस्तरको प्रतियोगितामा स्वर्ण, रजत र कास्य जित्ने खेलाडीलाई क्रमश: ३०, २० र १० हजार रकम दिएर सम्मान गर्ने, स्वर्ण जित्ने खेलाडीलाई ५ वर्षसम्म १० लाख बराबरको दुर्घटना बिमा गरिदिने कार्ययोजनामा उल्लेख छ ।

### उपमहानगरमा व्यवसाय दर्ता शिविर

# तीन दिनमा एकसय छ व्यवसाय दर्ता, २२ प्रक्रियामा

साझाकुरा संवाददाता

हेटौंडा, १६ कात्तिक/ हेटौंडा उपमहानगरपालिकाले करको दायरा बाहिर रहेका व्यवसाय दर्ताको लागि सञ्चालन गरेको शिविरमा १ सय ६ व्यवसाय दर्ता भएका छन् ।

हेटौंडा उपमहानगर पालिका-१९ नम्बर वडा कार्यालयबाट सोमबारदेखि सुरु गरेको शिविरमा बुधबारसम्म १ सय ६ वटा व्यवसाय दर्ता भएको र २२ वटा दर्ता प्रक्रियामा रहेको छ । वडा सचिव राजेन्द्रनाथ पोखरेलका अनुसार वडामा दर्ता बिना सञ्चालनमा रहेर करको दायरा बाहिर रहेका धेरै व्यवसाय दर्ता भएको बताए । 'दर्ताबिना सञ्चालनमा रहेका वडाभित्रका धेरै व्यवसाय दर्ता प्रक्रियामा सहभागी हुँदै उपमहानगरलाई कर तिर्ने अवस्थामा पुगेका छन्', उनले भने । दर्ता भएका व्यवयायीलाई प्रमाणपत्र हस्तान्तरण गरिसकिएको छ ।




व्यवसाय दर्ताको प्रक्रियामा रहेकालाई प्रमाणपत्र बनाएर वितरण गर्ने सचिव पोखरेलले बताए । उपमहानगरले करको दायरा बाहिर रहेर व्यवसाय गरिरहेका हेटौंडा उपमहानगर पालिका क्षेत्रका व्यवसायीका लागि व्यवसाय दर्ता शिविर सञ्चालन थालेको छ । हेटौंडा बजार क्षेत्र भन्दा बाहिर वडाहरुमा रहेर बिना दर्ता व्यवसाय सञ्चालन गरिरहेका व्यवसायीलाई लक्षित गर्दै उपमहानगरका वडाहरुमा व्यवसाय दर्ता शिविर सञ्चालन गरेको हो । उपमहानगरपालिकाको सबै वडामा तीन/तीन दिन शिविर सञ्चालन गर्ने तयारी रहेको राजश्व प्रशासन शाखाका प्रमुख श्यामकृष्ण श्रेष्ठले बताए ।

उपमहानगरको राजश्व परामर्श समितिले अनुगमका क्रममा वडाहरुमा दर्ताबिना व्यवसाय सञ्चालन गरी राजश्वको दायरा बाहिर रहेका पाइएपछि व्यावसय दर्ता शिविर सञ्चालन गरेको उनले जानकारी दिए । शिविरसँगै आन्तरीक राजश्व र घरेलु कार्यालयमा दर्ता भएर व्यवसाय सञ्चालन गरेपछि उपमहानगरमा सूचीकृत नभएका व्यवसायीलाई दर्ताको लागि पछिल्लो तीन वर्षको शुल्क तिरेपछि व्यवसाय दर्ताको सुबिधा उपमहानगरले दिएको छ । अब व्यवसाय दर्ताको समय जति भएपनि पछिल्लो तीन वर्षको शुल्क तिरेर उपमहानगरमा व्यवसाय दर्ता गर्न पाउने सुबिधा उपमहानगर ले दिएको छ ।

# राक्सिराङ र कैलाशमा लगाइएको गाँजा नष्ट

साझाकुरा संवाददाता

हेटौंडा, १६ कात्तिक/ राक्सिराङ र कैलाश गाउँपालिकामा अवैध रुपले लगाइएको गाँजा खेती प्रहरीले नष्ट गरेको छ ।

जिल्ला प्रहरी कार्यालय मकवानपुरले विकट राक्सिराङ र कैलाशमा लगाइएको प्रतिबन्धित गाँजा फँडानी कार्यलाई तीव्रता दिएको छ । प्रहरीले चार दिनको अवधिमा एक सय साठी बिगाहा क्षेत्रफलमा लगाइएको गाँजा फँडानी गरिएको मकवानपुर प्रहरी प्रवक्ता प्रहरी नायव उपरीक्षक लक्ष्मी भण्डारीले जानकारी दिए । प्रहरीले राक्सिराङ गाउँपालिका वडा नम्बर-४ मादल सेन, रतुवा, वडा नम्बर-९को कोल्टे, धुरकोट, कात्तिके, अठारे गरी यस क्षेत्रमा ४ बिगाहा क्षेत्रमा लगाइएको गाँजा नष्ट गरिएको भण्डारीले बताए ।



यसैगरी, राक्सिराङ गाउँपालिका वडा नम्बर-३ सरिखेत पलाँसेमा २० बिगाहा १० कठ्ठा, कैलाश गाउँपालिका वडा नम्बर-३ को कालिकाटार, आँपचौर, भोगटार र वडा नम्बर-४ को तोकुवा, धुस्राङ, देउतिसमा १३ बिगाहा ५ कठ्ठा लागूऔषध गाँजा फँडानी गरेको उनले जानकारी दिए । कात्तिक १२ गतेदेखि सुरु गाँजा फडानी अभियानअन्तर्गत् पहिलो दिन कात्तिक १२ गते ३ बिगाहा, ८ कठ्ठा, १३ गते ६१ बिगाहा, ३ कठ्ठा र १४ गते ५७ बिगाहा १५ कठ्ठा गाँजा फँडानी गरिएको हो ।

गत मंगलबार राक्सिराङ-९ रिचोपुङ, सिमलटार लोजा, वाङराङ, खोल्सी, रुञ्चेदाङ, चेउराङ क्षेत्रमा लगाएको २१ बिगाहा, राक्सिराङ-१ र २ नम्बर वडामा २७ बिगाहा ५ कठ्ठा क्षेत्रफलमा लगाइएको गाँजा फँडानी गरिएको छ । त्यस्तै, कैलाश-८ को वाक्सिराङ, सतपुर, पाखे र वडा नम्बर ७ को बिलाउने, देरवारीलगायत क्षेत्रमा ९ बिगाहा १० कठ्ठामा लगाइएको गाँजा फँडानी गरिएको डीएसपी भण्डारीले जानकारी दिए ।

# राष्ट्रपतिबाट आममाफी पाएका हेटौंडाका थापा पक्राउ

साझाकुरा संवाददाता

हेटौंडा, १६ कात्तिक/ राष्ट्रपति रामचन्द्र पौडेलबाट जेठ १४ मा गणतन्त्र दिवसको अवसरमा आममाफी पाएका मकवानपुर हेटौंडा घर भएका एक व्यक्ति पुन: पक्राउ परेका छन् ।

आममाफी पाएको पाँच महिना नबित्दै मकवानपुरको हेटौंडा घर भएर चितवनको भरतपुर महानगरपालिका-९ मा बस्ने रामचन्द्र थापालाई प्रहरीले पक्राउ गरेको हो । राष्ट्रपतिबाट आमआफी वा कैद मिनाहा पाएकामध्ये हेटौंडाका थापासहित तीन जना पुन: पक्राउ परिसकेका छन् । सर्वोच्च अदालतको आदेशबाट बिहीवार मात्रै नेपालगञ्जका गुण्डा नाइके रिगल भनिने योगराज ढकाल पुन: पक्राउ परे । यसअघि राष्ट्रपतिबाट कैद मिनाहा पाएका रुकुम पश्चिमको सानीभेरी गाउँपालिका-९ घर भएका लोकबहादुर बिक उर्फ लोकेन्द्र पनि पक्राउ परेका थिए । जेलबाट छुटेको एक महिनामै लोकेन्द्र हत्या जस्तो जघन्य अपराध गरेको आरोपमा पक्राउ परेका हुन ।

हेटौंडा घर भएर चितवनको भरतपुर महानगरपालिका-९ मा बस्ने थापा चार पटकसम्म फरक-फरक मुद्दामा जेल परेका अभियुक्त हुन् । कैद मिनाहा पाएको ५ महिनामा फेरि अर्को अपराध गरेपछि प्रहरीले थापालाई चितवनबाट बुधवार पक्राउ गरेको हो । ५५ वर्षीय थापालाई अपहरणको धम्की दिएर फिरौती मागेको आरोपमा पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय चितवनका डीएसपी विजयराज पण्डितले बताए । थापाले भरतपुर-१ मा धनवन्तरी क्लिनिक सञ्चालन गर्दै आएका सोमराज सुवेदी र उनका छोरालाई कत्तिक ८ गते साँझ टेलिफोन गरेर अपहरण र हत्या गर्ने धम्की दिएर २५ लाख फिरौती मागेको प्रहरीको दाबी छ ।

हेटौंडाका थापा पाँचौ पटक पक्राउ परेका हुन् । थापाविरुद्ध यसअघि २०७५ मंसिर १३ मा जिल्ला प्रहरी कार्यालय चितवनमा डाँकासम्बन्धी कसुरमा मुद्दा दर्ता भएको थियो । उक्त मुद्दामा चितवन जिल्ला अदालतले थापालाई ९ वर्ष कैद सजाय हुने फैसला गरेको थियो । उनी ४ वर्ष ६ महिना ३ दिन कैद भुक्तान गरेर कारागार कार्यालय चितवनबाट थुनामुक्त भएका थिए । थापाविरुद्ध यसअघि चितवनबाट ३ वटा र जिल्ला प्रहरी परिसर ललितपुरबाट एउटा मुद्दा चलेको थियो । २०६६ मा चोरी र अवैध हतियार देखाएर डाँका गरेको मुद्दा, २०७३ मा ललितपुर प्रहरीले लागूऔषध मुद्दा र २०७५ मा चितवन प्रहरीले डाँका मुद्दा चलाएको थियो ।

मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिबाट कैद मिनाह पाउनेहरु धमाधम पक्राउ पर्न थालेका हुन् । जेलमा बस्दा असल चालचलन देखिएको भन्दै जेलरको सिफारिसमा फाइल अघि बढेपछि मन्त्रिपरिषद् हुँदै सो फाइल राष्ट्रपतिसम्म पुग्छ । तर, सरकारले 'असल' देखेकाहरु फेरि किन अपराध कर्ममा लाग्दैछन् भन्नेबारे गम्भीर प्रश्न उठेको छ । पछिल्ला घटनाले कैद मिनाह दिने सिस्टममाथि नै प्रश्न उठेको बताउँछन् वरिष्ठ अधिवक्ता रमणकुमार श्रेष्ठ । उनले गलत सिफारिस रोक्नुपर्ने जोड दिए । संविधानको धारा २७६, फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन-२०७४ को दफा ३७ र फौजदारी कसुर (कैदकट्टा) नियमावली २०७६ को नियम-३ अनुसार असल व्यवहार भएकाहरुलाई कैद छुट दिने कानुनी व्यवस्था छ ।

# 'देश अस्थीरता र संक्रमणकालीन अवस्थामा छ'



साझाकुरा संवाददाता

हेटौंडा, १६ कात्तिक/ बागमती प्रदेश प्रमुख यादवचन्द्र शर्माले देश राजनीतिक अस्थीरता र संक्रमणकालीन अवस्थाबाट गुज्रिरहेको बताएका छन् ।

शर्माले धेरै जनजातिको समूहले बनेको नेपालमा राजनीतिक सन्तुलन कायम हुन नसक्दा थुप्रै विषयहरु ओझेलमा परेको बताए । बिहीवार राष्ट्रिय आदिवासी जनजाति आयोगको चौंथो प्रतिवेदन बुझ्दै प्रदेश प्रमुख शर्माले राज्य प्रणाली परिवर्तन पश्चात् मुलुक संघीयतामा भएकाले प्रदेश सरकारहरु शैशवकालमा नै रहेको र उक्त अवस्थामा नै प्रदेश सरकार अहिले एउटा विकासको ट्रयाकमा अघि बढेको बताए । प्रदेश सरकारले गति लिने क्रममा अघि बढ्दै गर्दा विकासको उक्त ट्रयाकको विरोध गर्नेहरुको सक्रियताले थप समस्या बनाइरहेको दाबी बताए ।

समाजका हरेक व्यक्ति र समुदायलाई विकासमा जोड्न जरुरी रहेको उनको भनाइ छ । शर्माले आदिवासी जनजातिहरुले उठाउँदै आएको मातृभाषाको अध्यापनको विषय निकै गुजुल्टिएर रहेको बताए । भाषाको सम्मान नागरिकको नैतिक दायित्व रहेकाले भाषालाई हेयको दृष्टिले नहेरी ऐच्छिक विषयका रुपमा मातृभाषालाई अध्यापन गराउनुपर्ने उनको भनाइ छ । जातीय विभेदलाई घटाउने विषयमा आयोगले काम गर्नुपर्नेमा उनले जोड दिए । सीमान्तकृत समुदाय र पछाडि पारिएका वर्ग तथा समाजको उत्थान गर्न आयोगले अध्ययनसहित योजना बनाएर अघि बढ्नुपर्ने शर्माले सुझाए ।

देशलाई जातीय, साम्प्रदायिक द्वन्द्वबाट माथि उठाएर नागरिकहरुको समस्या समाधान गरी विकासमा अघि बढ्नुपर्ने शर्माले जनाए । राष्ट्रिय आदिवासी जनजाति आयोगका सदस्य सूर्यबहादुर गुरुङले प्रदेश प्रमुख कार्यालय हेटौंडामा प्रदेश आयोगको चौथो प्रतिवेदन प्रमुख शर्मालाई बुझाएका थिए । प्रतिवेदन बुझाउँदै सदस्य गुरुङले संविधानले व्यवस्था गरेको अधिकारहरु आदिवासी जनजाति नागरिकहरुले सहजरुपमा प्राप्त गर्न नसकेको गुनासो गरे । उनले आयोगले आदिवासी जनजातिहरुको समस्याहरु समेटेर तयार पारेको प्रतिवेदन सरकारसमक्ष सिफारिस भएपनि कार्यान्वयन चरणमा जान नसकेको उनले बताए ।

उनका अनुसार आयोगले आदिवासी जनजातिहरुको समस्या अध्ययन गरी १२ वटा बुँदामा समेटेर समाधानका लागि सरकारसमक्ष सिफारिस गरेको भए नि कार्यान्वयन हुन नसकेको हो । राज्य संघीय संरचनामा गएपछि संविधानले व्यवस्था गरेका आदिवासी जनजातिहरुको हक अधिकार संरचनागत सरकारको अधिकार क्षेत्रका कारण कार्यान्वयनमा समस्या देखिएको उनको भनाइ छ । राज्यकोसंरचनागतरुपमा अधिकार क्षेत्रहरुका कारण आदिवासी जनजातिको शिक्षा, स्वास्थ्य, रोजगारी तथा जीवनस्तरका मुद्दाका विषयमा कसले गर्ने भन्ने अन्यौलता देखिएको उनले बताए ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# जङ्कफुडको प्रयोगमा न्यूनीकरण गरौं

त्यस्तो खाना जसले क्षणिक स्वाद र सन्तुष्टि प्रदान गर्दछन् । आकर्षणका लागि विभिन्न किसिमका रङ, रसायन, टेष्टमेकर राखी बनाइएका खाद्य, पेयपदार्थहरुले स्नायु प्रणालीमा असर गर्ने हुँदा मानिसमा त्यस्ता खाद्यपदार्थलाई मानसिकरुपमा नै स्वीकार गर्ने अवस्थामा पुग्दछन् । पछिल्लो समय नेपालीहरुमा जङ्कफुडको जोखिम बढ्दो छ । एकपटक प्रयोग गरेपछि पटकपटक खाइरहन चाहन्छन् । त्यस्ता खाद्य पदार्थमा सस्तो मूल्यमा पाइने कमसल किसिमका बिस्कुट, चाउचाउ, पिज्जा, हट्डग्स, चिसो पेयपदार्थहरु, सस्ता जुसहरु, आइसक्रिम, कुल्फी, सस्ता चकलेट, चुइगम, टफी, माँडा, चटपट, पानीपुरी, तितौरा, पाउँ, दुनट, रेडिमेड चिप्स आदि पर्दछन् ।

शरीरका लागि आवश्यक पर्ने पौष्टिक तत्व भिटामिन, मिनरल, फाइवर आदि नगन्य मात्रामा हुने जङ्कफुड अस्वस्थकर, पच्न कठीन हुने चिल्लो पदार्थ, अधिक मात्रामा नुन र स्वास्थ्यमा हानि पुऱ्याउने किसिमका गुलियो पदार्थ मिश्रण गरी बनाइएको हुन्छ । पटक-पटक खाइरहँदा बानी लाग्ने किसिमका कृत्रिम स्वाद, मन्द नशायुक्त पदार्थ मिसावट गरिएका जङ्कफुडका कारण बालबालिका तथा किशोरकिशोरीमा कुपोषण बढ्दै जानुले भविष्यमा गम्भीर परिणाम निम्त्याउन सक्छ । बालबालिकालाई जङ्कफुडबाट टाढा राख्न अभिभावक तथा विद्यालयहरुले समयमै ध्यान पुऱ्याउनु आवश्यक छ । भान्सामा बनाउन पर्ने झन्झटकै कारण अभिभावकले बालबालिकालाई स्कुल खाजाको रुपमा चाउचाउ र बिष्कुटलाई अनिवार्यजस्तै बनाएका छन् । आकर्षक प्याक र स्वादमा आउने जङ्कफुडप्रति बालबालिका छिट्टै आकर्षित हुने भएपनि ती खाद्यवस्तुको गुणस्तरबारे न अभिभावकले चासो देखाएका छन्, न त सरकारी निकायको आँखा नै परेको छ । जङ्कफुडको बढ्दो प्रयोगले बालबालिकामात्रै होइन, वयस्क र वृद्धवृद्धाको स्वास्थ्यमा समेत गम्भीर खेलवाड भइरहेको छ । बढ्दो जङ्कफुडको प्रयोगले शहरी क्षेत्रका किशोरकिशोरीमा कुपोषणको समस्या बढ्दै गएको छ ।

जे मन लाग्यो त्यही खाने, पौष्टिक तत्व नभएको खाना खाने, जङ्कफुड तथा प्याकिङ गरिएका खानेकुराको अधिक प्रयोगले किशोर किशोरीमा कुपोषणको समस्या देखिएको एक अध्ययनले जनाएको छ । जङ्कफुडको प्रयोग बढ्दै जाँदा गाउँघरमा पाइने नेपाली मौलिक र अर्गानिक खानेकुरा हराउँदै गएका छन् । गाउँघरका खेतबारी बाँझै राखेर आयातित खाद्यान्नमा हामी परनिर्भर हुँदै गएका छौं । गाउँमा ढिँडो र आँटो खानेको संख्या घट्दै जाँदा सुविधासम्पन्न शहरमा स्वाद फेर्नका लागि ढिँडो खोज्दै हिड्नुपर्ने अवस्था सिर्जना भएको छ । बजारमा आएका जङ्कफुडका कारण बालबालिकाले कोदो/फापरको रोटी र भुटेका मकैको स्वाद भुलिसकेका छन् । त्यसैले मानव स्वास्थ्य प्रबर्द्धन गर्न र घरेलु खाद्य पदार्थको प्रयोग बढाउन जङ्कफुड न्यूनीकरण अपरिहार्य भइसकेको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८० कात्तिक १८ गते शनिबार, ४ नोभेम्बर २०२४ । सप्तमी, कात्तिक कृष्णपक्ष । कौलागा ११४३ ने.सं. । सूर्योदय ६:१६, सूर्यास्त ५:१७ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : आलोचनामा वृद्धि | तुला | : मान्यजनबाट विवाद |
| वृष | : यात्रामा अवरोध | वृश्चिक | : अहमपनले कार्यमा हानि |
| मिथुन | : व्यवसायमा सफलता | धनु | : शत्रु नाश |
| कर्कट | : मान हानिले खिन्नता | मकर | : परिवारमा कलह |
| सिंह | : धर्मकार्यमा खर्च | कुम्भ | : रोग नाश |
| कन्या | : न्यायिक कार्यमा सफलता | मीन | : अशुभ समाचार सुन्नुपर्ने |

# पत्रकारिता टाक्सिनुको अर्थप्रभाव



कुलचन्द्र वाग्ले

पत्रकारिता कमजोर भएको छ । धेरै प्रकारले पत्रकारिताको प्रभाव क्षीण हुदै गएको भान हुन थालेको छ । त्यसो त राष्ट्रिय, अन्तर्राष्ट्रिय समाचार, विचार प्रवाह भइरहेकै छ । मानिसले थाहा पाउने विषय र गति घटेको छैन । बरु, जानकारीको ओइरो नै लागेको छ । तर कस्तो र कसरी ?

समयमा परिवर्तन आउँछ । आएको छ । त्यसले समाजमा प्रभाव पार्ने नै हो । यही कारण समयलाई गतिशील भनिएको हो । समय गतिशील त हो नै प्रगतिशीलसमेत हुन्छ । समयलाई प्रगतिशील प्रकृति र प्रगतिले बनाएको हो । प्रकृति कसले निर्माण गरेको हो ? कसले बनायो ? र यसको गतिशीलता ? यो नसुल्झिने सोधाइ होला । प्रगति खासमा मानिसले ल्यायो । प्रकृतिलाई पनि उसले सधायो, कजायो र उपलब्धि कमायो । अर्थात्, प्रगति चारैतिर भइरहेको छ । चौथो अंग भनिने पत्रकारितामा पनि परिवर्तन त स्वत: स्वीकार्य हुने नै भयो ।

कृत्रिम बौद्धिकता (आर्टिफिसियल इन्टेलिजेन्स (एआई)को युगमा पत्रकारिताले न काठे युगको मान्यता बोक्न मिल्छ न ग्यालीमा प्रत्येक अक्षर टिपेर डोरीले बाँधी बनाइएको प्लेटजस्तो छपाइको समयले अहिलेको पत्रकारितालाई पूर्णता नै दिन्छ, न पहिचान । त्यस बेलाको बखान सुन्दा 'दन्त्यकथा' जस्तो ठान्ने पुस्ता आइसकेको छ । अहिलेको समयले त्यो पत्रकारिता पढ्दैन । न तस्बिरमा जिङ्क ब्लकको प्रयोग नै निरन्तर रह्यो न टाइपराइटर बाँच्यो र न 'सर्ट ह्यान्ड' लेखन नै जारी रह्यो । त्यो त जन्म, मरणको इतिहास भयो । संग्रहालय सजाउन उपयोग गर्न सकिने भए । अर्थात्, प्रगति, परिवर्तन आइरह्यो ।

विश्व सञ्चार युगमा आयो र सबैभन्दा बेसी सञ्चार, स्वास्थ्य र यातायातमा विश्वले प्रगति पायो । यसको आधारभूमि शिक्षा, अध्ययन, अनुसन्धान र खोज नै थियो । हामीले यसलाई ज्ञान, विज्ञान भन्यौ । समग्रमा यिनै उपलब्धिलाई विकास, प्रगति वा उन्नति मान्यौ । विज्ञान सिर्जना हो र जीवन पनि हो । अर्थात्, अरू प्रविधिको जस्तै पत्रकारिताको जीवन बाच्न पनि ज्ञान, विज्ञानको सोध खाँचो रहन्छ । यतिबेला बढी खाँचो खट्किँदो छ ।

प्रकृतिमा कति परिस्कार अथवा विकार आयो ? यो प्रश्नमाथि विचार सजिलो छैन । तर, जे होस् आएको छ । मान्छेले गर्ने वा गरेको प्रगतिमा चाहिँ व्यापक परिस्कार भएको छ । त्यसले विकृति ल्याएको पिरलो पनि सबैतिर गरिन्छ ।

पत्रकारितामा पनि प्रविधि र पहुँचको उचाइसँगै यस्तो पिरलो थपिँदै छ । हाम्रो राज्य र राज्य सञ्चालक मानिने सरकार, पत्रकारिता सम्बद्ध विभिन्न संघ, संस्था र पत्रकारिताका माध्यम सञ्चार संस्था सबै भने यस विषयमा कठिनाइ त भोग्दैछन् तर गम्भीर समीक्षा र पुनरुत्थानमा सक्रिय समावेश देखिँदैनन् । एक्लाएक्लै आफ्नै धुनमा ती डोलायमान देखिन्छन् ।

भनिन्थ्यो - पत्रकारिता शिक्षा, ज्ञान, जानकारी र मनोरञ्जन आदि दिने सशक्त माध्यम हो । यो सत्य, तथ्य, तटस्थ वा निष्पक्ष साधन हो । पहिलो सोच त यो दिग्दर्शनभित्र पत्रकारिता कति अटाउँछ वा यसले पत्रकारितालाई समग्रतामा कति समेट्छ भन्ने हो । तर, जति अट्छ, समेट्छ त्यति विषय प्रवाह पत्रकारितामा मात्रै केन्द्रित वा सीमित रह्यो र अब ? भन्नुको अर्थमा यस्ता विषय प्रवाहमा पनि विभिन्न माध्यम वा तौरतरिका स्थापित र विकास भए ।

भनिएका विषयको प्रवाह अहिले पनि पत्रकारिताले गर्छ, दिन्छ । तर, दिने त्यो माध्यम पत्रकारितामात्र रहेन । अन्य साधनसमेत आए । ती के त, भन्ने बुझ्नुअघि पत्रकारिता के हो, के होइन ? भन्ने प्रश्नमा विश्वको यो फाँट सुल्झिसकेको छैन, उल्झिएकै छ ।

जस्तै मनोरञ्जन दिने साधन चलचित्रदेखि हाते फोनको पर्दा (स्क्रिन) आदि आए, भए । यिनै माध्यम ज्ञान, जानकारी र शिक्षा पनि प्रवाह हुन्छ, हुनसक्छ । मानिसले पत्रकारिताभन्दा अलग साधनको माध्यम यी विषय आर्जन गर्नसक्छ, विकल्प पायो । कुनै जमाना यी विषय प्रवाह पत्रकारिताको बलियो आधार थियो । त्यो खस्कियो ।

सशक्त माध्यम भएर छापा आयो । विद्युतीय अर्थात् श्रव्य माध्यम (रेडियो, रेकर्डिङआदि) आए । पछि श्रव्यदृश्य (टेलिभिजन) आयो । छापालाई पछि धकेल्दै आएको रेडियो टेजिभिजनले खस्कियो । यतिबेला यी सबै खस्किएर अनलाइन (ईपत्रकारिता) प्रवाहमा उकासिएको छ । कुनै दिन यसको पनि विकल्प विज्ञानले खोज्ला ।

यी त भए माध्यमहरूको आगमन, विस्थापन, घिटिघिटी र विस्तारका कुरा । तर, आएको वा अहिलेसम्म चलेका सबै माध्यम घिटिघिटी छन् । ईपत्रकारिता पनि घिटिघिटी नै छ । कोही थप साधनको विकल्पसमेतले र कोही स्रोत साधनको कमीले घिटिघिटी । सबैको समान टाउको दु:खाइ चाहिँ कथित 'सामाजिक सञ्जाल' भएको छ ।

सामाजिक सञ्जाल पत्रकारिता हो कि होइन ? होइन । जानकारी दिने माध्यम भने हो । जानकारी दिनु नै पत्रकारिता त होइन । बौद्धिक प्रयोग भए यो सञ्जाल अरू पनि हुनसक्छ । तर, पत्रकारिता चाहिँ कसैले मानिएन । अन्त यसको प्रयोग, उपयोग, दुरुपयोग र नियमन कसरी भइरहेछ ? त्यो खोज यहाँ प्रस्तुत सम्भव छैन । हाम्रोमा भने कुनै दिन 'नागरिक पत्रकारिता' भनिएको सामाजिक सञ्जालको व्यापक दुरुपयोग र उत्तेजना फैलाउन प्रयोग बढी भएको छ । यथार्थ प्रवाहभन्दा बढी समाज भडुँवा बनाइएको छ सामाजिक सञ्जाललाई ।

माथि भनिएका मूलधार पत्रकारिताको माध्यमहरू विविध कारण, माध्यम र प्रयोगले कमजोर भएका छन् । यी माध्यम कमजोर हुनुको अर्थ 'सत्यको मुख थुनिने र असत्यको थुतुनो खुल्ने' अवस्था आउनु हो । यस्तो अवस्थामा लोकतन्त्र, नागरिक स्वतन्त्रता, चेत र विवेकको प्रवाह कसरी सशक्त रहला ? अनि सार्वभौम नेपालको आवाजमा के हबिगत आउला ?

यस्तो संवेदनशील स्थिति, चुनौती र जोखिमप्रति कथित राज्य सञ्चालक सरकार चनाखो छैन । उल्लिखित संघ, संस्था कोही पनि चुनौती सामनाको लागि एकत्रित सहभागी देखिँदैनन् । एकजुट पाइँदैनन् । पत्रकारितामा पनि सबै आआफ्नो स्वार्थमा मात्र केन्द्रितजस्ता लाग्छन् ।

मूलधारको पत्रकारितालाई विभिन्न विकल्प माध्यमहरू चुनौती र जोखिम दुवै हो । तर, योमात्र सबै होइन । हाम्रोमा बढी चुनौती र घिटघिटी अवस्था त स्रोतको समेत कमीले हो । मुलुकको आर्थिक दुरवस्थासँगै पत्रकारिताको आयस्रोत पनि खुम्चिएको छ । फलत: अहिले सबै प्रकारका सञ्चार, पत्रकारिताका माध्यम पारिश्रमिक पनि दिन नसक्ने स्थिति सामना गरिरहेको खबर आएका छन् ।

पत्रकारहरू कतिपय माध्यमबाट निकालिएका छन् । कति त बन्द हुने अवस्थामै पुगेका भनिन्छन् । सक्षम पत्रकारहरू बेरोजगार हुने वा पेसा फेर्ने चुनौतीमा पुगेका छन् । यही स्थिति अरू केही लम्मिए सबैभन्दा पहिले अब छापा पत्रकारिताको अन्त्य हुनेछ ।

सरकारी विज्ञापनको कारण केही समय राज्य सञ्चालित छापा र माध्यम बाँच्लान् पनि । बाच्नुमा स्रोतमात्र पर्याप्त हुँदैन त्यसमा जीवन्तता पनि चाहिन्छ । लामो समय राज्यका माध्यममा काम गर्दासमेत अहिले पनि मलाई एउटा प्रश्नले सोधिरहन्छ - विज्ञापन र साधन स्रोत भरपूर भएर पनि राज्यका भनिने माध्यमभन्दा बढी अरू किन लोकप्रिय भएका होलान् ? के हामीले ती माध्यमलाई बढी आलोचक र चटपटे पत्रकारिता आरोपित गरेजस्तै कारणले ती लोकप्रिय भएको भनिएको सत्य हो त ? यहाँ उदाहरण पीत र मिथ्या माध्यम, छापाहरूको दिइएको होइन ।

बाँच्नु र लोकप्रिय हुनु भिन्न अवस्था हुन् । बाँचेर लोकप्रिय हुन सकिने हो । आर्थिक, औद्योगिक र उत्पादनमा स्वतन्त्र गतिविधि बढ्दा नै पत्रकारिताको स्रोत पनि बढ्छ । विज्ञापनको माध्यम हुँदै । अन्यथा १२ पेजको पत्रिका छाप्न पनि रू २५ भन्दा बढी खर्चनुपर्छ । पाँच, दस रुपियाँमा पत्रिका बेचेर कोही पनि पालिन सक्दैन । धान्ने थप विज्ञापनले हो जुन अहिले नेपालमा सुक्दै गएको छ । यस्तो अवस्था हाम्रो पत्रकारितामा मात्रै आएको होइन । लोकतान्त्रिक विश्वले नै बेहोरेको समस्या हो । विकसित मुलुकमा स्रोतको समस्याभन्दा पनि विकल्प माध्यमहरूको चुनौती थपिएको हो । जीवनको टड्कारै समस्या छापा माध्यमले बेहोर्दैछ ।

समग्रमा मूलधार पत्रकारिता खस्किँदै कमजोर हुँदैछ । केही भ्रष्ट कारण देखाएर लोकतान्त्रिक र नागरिक सार्वभौम स्वतन्त्रताको विरुद्ध खनिन थालेको मिथ्या प्रचारले ल्याउने संकट विगतको तानाशाहीभन्दा कठोर वा घीनलाग्दो हुने निश्चित छ । यस्तो बेला राज्य र पत्रकारिता माध्यम तथा ती सम्बद्ध संघ संस्थाको अवस्था, भूमिका वा योगदान के हो, हुनु के पर्छ भन्ने गम्भीर विषयमा हाम्रो कुनै तहमा पनि बहस भएको सुनिदैन ।

लोकतान्त्रिक मुलुकहरूमा यस्ता विषयमा विभिन्न कोणबाट अध्ययन, अनुसन्धान र समस्या सम्बोधन गर्ने उपाय खोजी भइरहेको समाचार आइरहेका छन् । हाम्रोमा भने पत्रकारिताका संस्था स्रोत सुकेको कारण जनाएर पत्रकार निष्कासन गर्दैछन् । कतिले त महिनौदेखि पारिश्रमिकसमेत दिन छोडेको सुनिदैछ ।

पत्रकार सम्बद्ध संस्थाहरू भने त्यस्ता माध्यम संस्थालाई पत्रकार निष्कासन नगर्न र पारिश्रमिक दिन स्वभावअनुसार एकोहोरो माग गरिरहेका छन् । केही गरेको देखाउन तिनीहरू सम्बद्ध संस्थाको गेटमा धर्ना दिन पुग्छन् । ती कहिल्यै पूरा नहुने रागजस्ता । तर, ती माध्यम संस्था क्रमश: रुग्ण भएको प्रति ती संघसंस्थाको कुनै चासो, अध्ययन वा सरकारलाई सुझाव दिएको सुनिदैन । चालीस पृष्ठ छापिने छापा किन आठ, बाह्र र त्यसभन्दा पनि कममा खुम्चिन गए ? श्रव्य, दृश्य दुवै विद्युतीय माध्यमको घुँइचो पनि पातलिँदै न्यून हुने क्रममै छ । प्रभावकारी त हुन् तर जीवन्त रहनसक्ने गारो ईपत्रकारिता वा म्यागेजिनको पनि संकट हो ।

सबै प्रकारका सञ्चार पत्रकारिताको बोझिलो जोखिम र चुनौतीको कारण र सामनाको उपाय न सरकार खोज्छ न त्यस्ता संघसंस्थाको अनुसन्धानमा नै यो विषय परेको छ वा प्रवाह सम्बद्ध संस्था नै पारदर्शी छन् । पत्रकारिता खस्कँदै कमजोर भएको कारण र प्रभावले आउने दुष्परिणाम कस्तो होला ? सोचिएको छ कि ? के यो राष्ट्रिय ध्यान जानुपर्ने र पत्रकारिताका सबै तह र तप्काका मठाधीशले सार्वजनिक ध्यान जाग्रत गर्नुपर्ने अत्यन्त जरुरी विषय होइन र ? *साभार: बाह्रखरी*

# प्यालेस्टाइन नरसंहार : इजरायली जनस्तरमा विभाजित मनोविज्ञान



शशी पौडेल

गएको शनिबार इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहुले प्यालेस्टाइनका जनताविरुद्ध बदला लिन आह्वान गरे तर हमासले बन्धक बनाएका परिवारका सदस्यहरुको विचारलाई भने उनको यो भनाइले प्रतिनिधित्व गरेन ।

किन भने त्यही शनिबार साँझ उनले पीडित परिवारसँग भेटेका थिए । उक्त भेटमा पीडित पक्षले उनको आसयको ठीक विपरीत माग गरेका थिए । हमासले बन्धक बनाएकी रुमीकी आमा मेरभ लेसेम गोनेनले भनिन् 'हाम्रा परिवारका सदस्यहरूको भाग्यलाई जोखिममा पार्ने कुनै कदम नचाल्नुहोस् भन्ने हाम्रो माग छ ।'

'उनीहरूलाई घर ल्याउनुहोस् भन्ने नारा सहित तेल अवीभमा आयोजित एक ऱ्यालीलाई सम्बोधन गर्दै उनले आह्वान गरिन्, 'प्रिय प्यालेस्टाइनमा बन्दी बनाइएकाहरुका आफन्तहरु हो सबैले हाम्रा पुराना सम्झौताहरु माथि विचार गर्नुहोस् र दुबै तर्फका बन्दीहरुलाई फिर्ता गर्न दबाव दिनुहोस् ।'

उनका भनाइमा, 'बन्दी आदानप्रदान गर्दा हमासले पनि इजरायलमा बन्दी बनाइएका प्यालिस्टाइनी बन्दीहरूलाई फिर्ता गरेको देख्नेछ र यदि यसो हुन सक्यो भने बल्ल बन्दी आदान-प्रदान कार्यको व्यापक राष्ट्रिय र अन्तर्राष्ट्रिय समर्थन मिल्ने छ ।'

नेतान्याहुले बन्धकहरूको फिर्तीलाई युद्धको अभिन्न उद्देश्यको रूपमा स्वीकार गरेनन्, त्यतिमात्र होइन कि उनले हमासलाई नष्ट गर्ने उनको उच्च प्राथमिकता रहेको कुरा दोहोऱ्याउन छोडेनन् । यति भनिरहँदा उनले के बिर्से भने थलसेनाद्वारा प्यालेस्टाइन माथि आक्रमण गर्दा इजरायली बन्धकहरूको जीवन पनि सुरक्षित हुनेछैन । केही इजरायली बन्धकहरु इजरायलकै आक्रमणबाट हताहत भैसकेको सार्वजनिक भएको छ ।

यसरी हेर्दा अहिले इजरायल भित्र इजरायली जनतामा विभाजित मनोविज्ञान पाइन्छ । केहीले खुल्ला रुपमै यो नरसंहारको लडाइ वा युद्धका निम्ति नेतान्याहुलाई पछ्याउन जरुरी छैन भनिरहेका छन् । उनीहरु बन्दी आदान प्रदानका लागि आह्वान गर्न दबाब दिन आवश्यक रहेको ठान्छन् । बन्धक रुमीकी आमा मेरभ लेसेम गोनेनले दोहोर्याएर भनेकी छिन्, 'इजरायली राजनीतिमा सबैभन्दा प्रतिक्रियावादी हाम्रो आफ्नै देशका राजनीतिज्ञविरुद्ध एक हुनुपर्ने अवस्था आएको छ ।

उनले अगाडि भनिन्, 'इजरायलीहरु चट्टानबाट बनेका होइनन् भन्ने कुराको साक्षीका रुपमा गत वर्ष नेतान्याहुको दक्षिणपन्थी सरकारले अदालतमा गरेको आक्रमणको विरुद्धमा भएको विशाल विरोध प्रदर्शनले प्रष्ट पारेको छ ।'

यद्यपि त्यो बेला जुलुसहरू राजनीतिक रूपमा मिश्रित थिए । केही प्रदर्शन आयोजकहरूले इजरायल विरोधी अभियानकर्ताहरू र प्यालेस्टिनी झण्डाहरूलाई स्वागत गरे भने केही प्रदर्शनकारीले तिनीहरूलाई बहिष्कार गर्ने प्रयास गरे ।

त्यतिबेला बेलायतबाट प्रकाशित एक दैनिकले प्यालेस्टिनी र इजरायली जनस्तरबाट तीव्र आलोचना खप्नु परेको थियो । किनकि वामपन्थी समर्थक दैनिक मनिङ्ग स्टारलाई प्यालेस्टिनी अधिकारहरूप्रति उदासीन रहेको र नेतान्याहुप्रति गरिएको विरोधको आन्दोलनलाई मात्र स्वागत गरेको भन्ने आरोप लागेको थियो ।

स्लोभाकिस दार्शनिक स्लाभोज जिजेक भन्छन्, 'यो युद्ध खासगरी नेतान्याहु र प्यालेस्टिनी दुवै पक्षका कट्टरपन्थीहरूको हो । जबसम्म प्यालेस्टिनी र इजरायलीहरूको समान भविष्य सुनिश्चित हुँदैन तबसम्म यसप्रकारको द्वन्द्व मेटिने छैन ।'उनका भनाइमा, यो युद्ध नेतान्याहु र उनका अति दक्षिणपन्थी गठबन्धन साझेदारहरूको अभियान हो तर नेतान्याहुले के कुरा स्वीकार गर्न मानिरहेका छैनन् भने यो युद्ध प्यालेस्टिनीहरू र इजरायलीहरू दुबैका लागि विनाशकारी हुने छ ।

त्यसैले यस्ता अधिनायकवादीहरुको विरोध गर्न आवश्यक देखिन्छ। जबसम्म इजरायलमा साचो लोकतान्त्रिक परिवर्तनका लागि आफैंभित्र इजरायली जनता तयार हुँदैनन् तबसम्म उनीहरुले प्यालेस्टाइन माथि कब्जा जमाउने सपना देख्न छाड्ने छैनन् ।

इजरायली नागरिकहरूको उत्पत्ति जुनसुकै अवस्थाबाट भएको भए पनि र जहाँबाट बसाइँ सराइ गराइएको भएपनि यदि बेलायतले १९४७ मा कपटपूर्ण ढंगले गाजा क्षेत्रलाई खुल्ला आकाश भएको जेल नबनाएको भए सायद यो स्थिति आउने थिएन । इतिहासमा जुनसुकै पक्षले काम गरेको भए पनि अबको अवस्थामा प्यालेस्टाइन र इजरायल दुबै राज्यले एकअर्काको राज्य स्वीकानु पर्छ ।

जबसम्म इजरायली राजनीतिमा कट्टर पन्थीहरु हावी भैरहन्छन् तबसम्म सायद यो सम्भव हुने छैन भन्ने उनको भनाइ छ । अवश्य इजरायलमाथि हमासको अक्टोबर ७ को आक्रमणको नि:सर्त निन्दा गरिनु पर्छ । तर, के पनि बुझ्नुपर्छ भने इजरायलमा आज देखिएको विभाजित मनोविज्ञानले हमासको अक्टोबर ७ को आक्रमणका कारण सबैभन्दा बढी प्रभावित व्यक्तिहरू नै युद्ध चाहान्नन् भन्ने देखिन्छ ।

इजरायली गैरकानूनी बस्तीहरू र इजरायलको सिमाना भित्र प्यालेस्टिनीहरूमाथि अक्टोबर ७ पछि गरिएका आक्रमणहरु हिंस्रक भएको पुस्टी मात्रै होइन कि, जुन शायदै निम्नस्तर को जातीय सफाया गर्ने भन्ने कुटिल मनोविज्ञानले काम गरेको पुष्टी हुन्छ । साथै यो युद्ध इजरायली जनस्तरको चाहाना नभै अमेरिकीहरु र पश्चिमेलीहरुको स्वार्थमा भएको स्पष्ट छ ।

*यो युद्ध खासगरी नेतान्याहु र प्यालेस्टिनी दुवै पक्षका कट्टरपन्थीहरू बीचको हो । जबसम्म प्यालेस्टिनी र इजरायलीहरूको समान भविष्य सुनिश्चित हुँदैन तबसम्म यसप्रकार को द्वन्द्व मेटिने छैन ।*

पश्चिमी देशहरु जो आफूलाई संसारका बादशाह ठान्छन् उनीहरुले दशकौंदेखि पश्चिम एशिया, अफ्रिकी मुलुकहरुमा विभिन्न नाममा गरेका युद्धहरुले नरसंहार र भौतिक विनाश गरे । अनि ती मुलुकहरुलाई निचोरेको कागतीको खोस्टो फालेजस्तै असफल राज्य बनाएर छोडेका छन् । यस्तो अवस्थामा इजरायली र प्यालेस्टाइन जनताको स्तरबाट अतिवाद र अमेरिकी एवं बेलायतको साम्राज्यवादको विरोध गर्न आवश्यक छ ।

प्यालेस्टीनी जनधनको क्षति दिन प्रतिदिन बढ्दै गइरहेको छ । इजरायली सेनाहरू गाजाभित्र पसिसकेका छन् र अब धेरै समय बाँकी छैन । यदि गाजाको विनाश रोक्ने हो भने इजरायली जनता, प्यालेस्टिनी जनता र अन्य अन्तर्राष्ट्रिय शक्तिहरूको एकता गराएर संयुक्त राष्ट्रसंघ माथि भिटो लगाउन दबाब दिन आवश्यक छ ।*साभार: अनलाइनखबर*

# ‘परदेशी २’ हिट भएपछि केकी भन्छिन्, ‘यसपालि मलाई दुईटा दशैं आयो’



अभिनेत्री केकी अधिकारीले २०६८ सालमा फिल्म ‘स्वर’बाट डेब्यू गरेकी थिइन् । पहिलो फिल्मदेखि नै अभिनयको वाहवाही बटुल्दै आएको भए पनि उनले सफलताको महसुस भने २०७६ सालमा प्रदर्शनमा आएको फिल्म ‘छ माया छपक्कै’बाट मात्रै गर्न पाइन् । यो बीचमा उनका करिब २५ वटा फिल्म असफल भए । ‘छ माया छपक्कै’ले भने उनलाई सफलताको ढोका नै खुलाइदिएको छ ।

गत वर्ष उनी अभिनीत फिल्म ‘झिँगेदाउ’ व्यावसायिक रुपमा सफल सावित भएको थियो । यसपालि केकीलाई फिल्म ‘परदेशी २’ले अर्को हिटको खुसी दिएको छ । दशैंको माहोल छोपेर असोज २६ गतेबाट प्रदर्शनमा आएको फिल्मले घरेलू बक्स अफिसमा राम्रो अंक जोडेको छ । र, उनले अभिनयको पनि प्रशंसा कमाइरहेकी छिन् । उनी यसपालि आफूलाई दुईवटा दशैं आएको मान्छिन् ।

बुधबार फिल्मको विशेष शोजमा सञ्चारकर्मीसँग केकीले भनिन्, ‘फिल्ममा जोडिएपछि हामीलाई एकदमै गर्वको कुरा हुन्छ कि जब दर्शकको माया र निर्माताको मुहारमा खुसी देखिन्छ । त्यसबेला एउटा कलाकारले राहत महसुस गर्छ । हाम्रो लागि अहिले एकदमै खुसीको क्षण छ । मलाई त यसपालि दुईटा दशैं आए जस्तो भयो । एउटा दशैं छँदै थियो, ‘परदेशी २’ले अर्को दशैं पनि थपिदियो ।’नयाँ बानेश्वरस्थित ‘आइएनआइ सिनेमा’मा आयोजित विशेष शोजमा उपस्थित संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री सुदन किराती, सांसद् सोबिता गौतम, नेतृ रामकुमारी झाँक्री, निर्माता तथा निर्देशक अशोक शर्मा आदिले ‘परदेशी २’ले नेपाली समाजको यथार्थ चित्रण गरेको प्रतिक्रिया दिएका थिए । फिल्मले बक्स अफिसमा ५ करोडमाथिको कलेक्सन गरिसकेको जानकारी प्राप्त छ ।

# मोन्टी भन्छन्: ओमानसँगको कमजोरी सुधार्दै यूएईसँग कमब्याक गर्छौं



समूह ए को आफ्नो अन्तिम खेलमा ओमानसँग ५ रनले हारेपछि नेपालले उपबिजेता बनेर सेमिफाइनलमा यूएईसँगको भेट पक्का गरेको हो ।

ओमानले २ पटक टी-२० विश्वकप खेलेको छ । २०१६ र २०२१ मा विश्वकप खेलेको टिम भएकाले आजको खेलमा स्किल भर्सेस स्किलको प्रतिस्पर्धा देखिएको देशाईंले बताए । ‘हामीले हाम्रो विपक्षीलाई सम्मान गर्नुपर्छ’, उनले भने, ‘उनीहरुले दुई पटक टी-२० विश्वकप खेलेका छन् । उनीहरुसँग अनुभव छ ।’

नेपालको विशेषत ब्याटिङ फ्लप हुँदा आजको योजना विफल भएको प्रशिक्षक मोन्टीले स्वीकार गरे । ‘आज हाम्रो केही योजनाहरु विफल भएकै हुन् । हामीले विकेट सम्हालेर अन्तिम ओभर सम्म जानुपर्नेमा योजना अनुरुप भएन’, उनले भने ।

नेपाललाई जितका लागि अन्तिम ओभरमा २६ रन चाहिएको थियो । त्यो ओभरमा बिलाल खानको बलमा विवेक यादवले लगातार ३ छक्का हानेर नेपाललाई आशा देखाएका थिए । तर, उनी चौथो बलमा आयान खानको हातबाट क्याच आउट भए । २४ बल खेलेका उनले ५ छक्काको मद्दतमा कूल ३९ रन बनाए ।

प्रशिक्षक देशाईंले यादवको प्रदर्शनको तारिफसमेत गरे । ‘नराम्रोमा पनि एउटा कुरा सधैं राम्रो हुन्छ । यो एउटा राम्रो उदाहरण हो । हामीले एउटा अर्को खेलाडी भेटाएका छौं, उनले भने, ‘नेपाल क्रिकेट भर्खरै सुरु भएको छ । हाम्रो फोकस भनेको नेपाललाई एउटा सम्पूर्ण क्रिकेट राष्ट्र बनाउने हो । त्यसैले आज विवेकको अप्रोच देखेर निकै खुसी छु ।’

आजको खेलमा माथिल्लो क्रमका ब्याटरहरु नचल्दा १४६ को सामान्य लक्ष्य पनि नेपालले भेटाउन सकेन । आज ओपनर आशिफ शेख ५ रन बनाउँदै पभेलियन फर्किएका थिए । त्यसपछि तेस्रो नम्बरमा सोमपाल कामी ब्याटिङमा आएका थिए । उनले १२ रन बनाए ।

सोमपाल कामी अलराउण्डर रहेको भन्दै प्रशिक्षक देशाईंले उनलाई तेस्रो नम्बरमा ब्याटिङमा पठाउने निर्णय सही रहेको दाबी गरे ।

‘हामीले नम्बर ३ का लागि केही कुरा प्रमाणित गर्नुपर्छ जस्तो लाग्दैन’, उनले भने, ‘सोमपाललाई पहिला पनि नम्बर ३ मा पठाएकै हो । हामीसँग ११ छन् र ११ जना नै ब्याटर नै हुन् । सोमपाल कामी एउटा अलराउन्डर हो, यो नभुलौं कि उसले एसिया कपमा राम्रो गरेको पनि हो ।’

नेपालले यूएईसँग भोलि शुक्रबार ११ बजे मुलपानी मैदानमा खेल्ने छ । छनोटको समूह बी का सबै खेल मुलपानी मैदानमा भएकाले यूएई यहाँको पिचसँग अभ्यस्त भइसकेको छ ।

छनोट प्रतियोगिताअघि नेपालले त्रिकोणात्मक शृंखलामा मुलपानीमा यूएई र हङकङबिरुद्ध खेलेको थियो । तर, पछिल्लो पिच र कन्डिसनमा यूएईले मुलपानीमा धेरै खेल खेलेको छ । आफूहरु पिच र कन्डिसनका बारेमा अनविज्ञ तर, उत्साहित भएर मुलपानी जाने देशाईंले बताए ।

## केही समयलाई आइपिओ रोकिँदै

साझाकुरा संवाददाता

काठमाडौं, १६ कात्तिक/ बजार उच्चदरमा घट्न थालेसँगै धितोपत्र बोर्डले केही समय सार्वजनिक निष्कासन रोक्ने तयारी गरेको छ । बोर्डले केही समय आईपीओ, हकप्रद र एफपीओ सबैजसो सार्वजनिक निष्कासन रोक्ने तयारी गरिरहेको हो ।

‘बजारमा सेयर थपिँदा आपूर्ति बढेको र यसले बजार सुधार हुन नसकेको भन्दै लगानीकर्ताहरूबाट गुनासो आएपछि केही समयलाई सबै किसिमका सार्वजनिक निष्कासन रोक्ने कि भनेर आन्तरिक गृहकार्य भइरहेको छ’, धितोपत्र बोर्ड स्रोतले भन्यो ।

यो खबर फैलिएसँगै केही लगानीकर्ताले यसको विरोध गरेका छन्। ‘सेयर निष्कासनमा नियन्त्रण जस्तो आत्मघाती विचार बोकेर पूँजीबजार, लगानीकर्ता र कारोबारीको भलो कसरी होला खै,’ लगानीकर्ता दीलिप मुनाकर्मी भन्छन्’, बरू बलियो नियमन, निष्कासनको न्यायोचित मूल्य, सुशासनको कुरा गरे आज नभए पनि भविष्य राम्रो होला कि ?’

कतिपय लगानीकर्ताले केही समयको अन्तराल राख्दै सेयर जारीको अनुमति दिन सही हुनेसमेत बताइरहेका छन् ।

अहिले पनि कम्पनीहरूले लगभग ३२ अर्ब रूपैयाँको सेयर जारी गर्ने तयारी गरिरहेका छन् । धितोपत्र बोर्डमा अनुमति प्रक्रियामा रहेकासहित सेयर निष्कासनको तयारीमा रहेकासमेतले यो रकम बराबरको सेयर जारी गर्ने भएका हुन् ।

हाल धितोपत्र बोर्डमा ११ अर्ब ५४ करोड रूपैयाँको आईपीओ निष्कासनको लागि कम्पनीहरू प्रक्रियामा छन् । चार कम्पनीले ६ अर्ब ४५ कराड रूपैयाँ बराबरको सेयर निष्कासनको अनुमति पाएर सेयर निकाल्ने तयारीमा छन् ।

यस्तै, हकप्रद सेयर जारीको लागि प्रक्रियामा रहेका १२ कम्पनीले १३ अर्ब ३७ करोडको सेयर जारी गर्ने तयारी गरिरहेका हुन् । एक कम्पनीको एक अर्ब १० करोडको हकप्रदले भने अनुमति पाइसकेको छ । अहिले केही बीमा कम्पनीहरूलाई बाहेक अनिवार्य चुक्ता पूँजी बृद्धि गर्नुपर्ने अवस्था छैन । धितोपत्र बोर्डको यही निर्णयले भने नीतिगत समस्या पर्ने देखिँदैन । तर, जसलाई बजारबाट पूँजी उठाइहाल्नु पर्ने अवस्था रहन्छ, तिनलाई भने केही समस्या पर्न सक्छ ।

# ६३५ मेगावाटको दूधकोशी जलाशययुक्त आयोजनामा लगानी गर्ने एडीबीको प्रतिबद्धता

साझाकुरा संवाददाता



काठमाडौं, १६ कात्तिक/ एसियाली विकास बैंक(एडीबी)ले ६३५ मेगावाटको दूधकोशी जलाशययुक्त जलविद्युत् आयोजनामा लगानी गर्ने प्रतिबद्धता जनाएको छ ।

नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङ, एडीबीका महानिर्देशक रमेश सुब्रमण्यम र एडीबी नेपाल आवासीय नियोगका निर्देशक आर्नोड कुश्वा सम्मिलित टोलीले बुधबार आयोजनाको स्थलगत निरीक्षण गरेको छ ।

टोलीले आयोजनाको जलाशय क्षेत्र र विद्युत् गृहस्थलको निरीक्षण गर्दै बाँधस्थल खोटाङको रबुवा बजारमा स्थानीय तहका जनप्रतिनिधिहरूसँग अन्तक्रिया समेत गरेको छ ।

कार्यक्रममा महानिर्देशक सुब्रमण्यमले आयोजना अगाडि बढाउन उच्च तहबाट भएको यो करिब अन्तिम निरीक्षण भएको भन्दै एडीबीको नेतृत्वमा जतिसक्दो छिटो वित्तीय व्यवस्थापन गर्न लागिएको जानकारी दिए ।

आयोजनामा स्थानीयको सहयोग रहेको भन्दै ३८ वर्षदेखि चर्चामा रहेका आयोजनाको प्राविधिक, वातावरणीय र सामाजिक पक्षलाई जति सक्दो छिटो टुङ्गो लगाएर निर्माण थाल्नु पर्ने उनले बताए ।

आयोजनाको अनुमानित लागत निर्माण अवधिको ब्याजसहित २ अर्ब २० करोड अमेरिकी डलर (करिब २ खर्ब २५ अर्ब रुपैयाँ) रहेको छ । यसमध्ये ऋणबाट १ अर्ब ६८ करोड डलर ऋण र बाँकी इक्विटीबाट जुटाएर वित्तीय व्यवस्थापन गर्ने गरी तयारी छ ।

एडीबीको नेतृत्वमा विभिन्न अन्तर्राष्ट्रिय वित्तीय संस्थाहरुबाट आयोजनामा एक अर्ब डलर सहुलितपूर्ण ऋण लगानी हुने छ । यसमध्ये एडीबीले आयोजनामा ५५ करोड डलरको सहुलियतपूर्ण ऋण लगानीको प्रतिबद्धता जनाएको छ ।

एडीबी नेपाल आवासीय नियोगका निर्देशक आर्नोड कुश्वाले निर्णय प्रक्रियालाई तीव्रता दिन लगनशीलताका साथ काम गरिरहेको र नेपाल सरकारसँग बारम्बार वार्तामा संलग्न रहेको जानकारी दिए ।

उनले दूधकोशी जलाशययुक्त जलविद्युत् आयोजना एक मेगा प्रोजेक्ट र सार्क क्षेत्रको अहिलेसम्मको सबैभन्दा ठूलो बाँध आयोजना भएको भन्दै स्थानीय समुदायमा धैर्यता राख्न आग्रह गरे । प्राधिकरणका कार्यकारी निर्देशक घिसिङले नेपालको विद्युत् प्रणालीका लागि दूधकोशी महत्वपूर्ण आयोजना भएकाले एक वर्षभित्रमा (सन् २०२४ डिसेम्बर) एडीबीको नेतृत्वमा वित्तीय व्यवस्थापन गर्ने गरी काम भइरहेको बताए । यसका लागि अहिले प्राविधिक, वातावरणीय र सामाजिक विषयहरुलाई अन्तिम रुप दिने काम भइरहेको उनले जानकारी दिए ।

कार्यक्रममा स्थानीय तहका जनप्रतिनिधिहरुले आयोजना अगाडि बढ्न नसक्दा स्थानीयरुपमा विकास निर्माणका क्रियाकलाप ठप्प भएकाले आयोजनाका विषयमा रहेको अन्यौलता तत्काल हटाउन आग्रह गरे । उनीहरुले आयोजनालाई अगाडि बढाउन स्थानीयरुपमा आवश्यक सहयोग र सहजीकरण गर्ने प्रतिबद्धता जनाए ।

कार्यक्रममा ओखलढुंगाको चिशंखुगढी गाउँपालिकाका अध्यक्ष निशान्त शर्माले आयोजनाको लामो अध्ययन चरणलाई तीव्रता दिई जग्गाको मुआब्जा वितरण र निर्माण कार्य तत्काल थालनी गर्नुपर्ने धारणा राखे । शर्माले यस क्षेत्र भौगोलिक रुपमा दुर्गम तथा आर्थिकरूपमा अविकसित रहेको र यसै आयोजनाका कारण पुल, सडक निर्माण जस्ता पूर्वाधार विकासका विभिन्न आयोजनाहरू ठप्प भएकाले बाहिरी बसाइसराइको दर बढ्दै गएको चिन्ता व्यक्त गरे । उनले यस आयोजनालाई सफल पार्न स्थानीय तहको सम्पूर्ण सहयोग रहेको बताए ।

खोटाङको हलेसी तुवाचुङ नगरपालिकाकी मेयर विमला राईले स्थानीय बासिन्दाको लामो समयको प्रतिक्षाको अन्त्य हुने विश्वास व्यक्त गर्दै यो आयोजनाको काम चाँडो सुरु हुने विश्वास व्यक्त गरिन् । मेयर राईले हलेसी तुवाचुङ नगरपालिका र खोटाङमा रहेको बसाइसराइको प्रवृत्तिबारे जानकारी दिँदै आयोजना तत्काल सुरु भए बसाईसराईको दरमा कमी आउन सक्ने संकेत गरिन् ।

खोटाङको रावबेसी गाउँपालिकाका अध्यक्ष फटिककुमार श्रेष्ठले आयोजनाबाट प्रभावित जनताको जीविकोपार्जनमा सुधार आउने आशा व्यक्त गरे । उनले आयोजना छिट्टै सुरु हुनेमा आफू पनि विश्वस्त रहेको बताए । श्रेष्ठले आयोजनालाई प्रभावित जिल्ला हरेक व्यक्तिले सहयोग गर्न तयार रहेको प्रतिबद्धता जनाए ।

दूधकोशी जलविद्युत् कम्पनी लिमिटेडका प्रमुख कार्यकारी अधिकृत विमल गुरुङले आयोजनाको ऐतिहासिक सन्दर्भ, मुख्य प्रस्तावित संरचना तथा आयोजनको प्रगतिको वर्तमान अवस्थाका बारेमा जानकारी दिए ।

उनले आयोजनाको काम सुरु गर्न आफ्नो दृढ प्रतिबद्धता व्यक्त गर्दै एडीबीबाट चाँडोभन्दा चाँडो आर्थिक सहयोग प्राप्त हुने आशा व्यक्त गरे । गुरुङले आयोजनाले पहुँच सडक, पुल, र अन्य सम्बन्धित पूर्वाधार निर्माण र मर्मतसम्भार जस्ता अन्य विभिन्न गतिविधिहरू समेट्ने उल्लेख गरे । आयोजना निर्माणबाट खोटाङ, ओखलढुंगा र सोलुखुम्बु जिल्लाका तीन हजार एकसय ३९ घरधुरी प्रभावित हुने छन् । जसमध्ये २३८ घरधुरी पूर्ण २९०१ घरधुरी आंशिकरुपमा प्रभावित हुनेछन् । आयोजनाका लागि करिब ३० हजार रोपनी जग्गा अधिग्रहण गर्नुपर्ने छ । जग्गा अधिग्रहणका लागि प्रक्रिया अगाडि बढाइएको छ ।

आयोजनाबाट वार्षिक रुपमा ३ अर्ब ४४ करोड युनिट विद्युत् उत्पादन हुनेछ । यसमध्ये सुख्खायाममा १ अर्ब ३६ करोड र वर्षायाममा २ अर्ब ८ करोड युनिट विद्युत् उत्पादन हुनेछ । आयोजनाको निर्माण अवधि ७ वर्षको रहेको छ ।

## क्यानाडाको अन्टारियोमा बन्यो ‘सगरमाथा पार्क’

एजेन्सी/ क्यानाडाको अन्टारियो प्रान्तमा रहेको ब्राम्प्टन सहरमा अवस्थित एक पार्कलाई ‘सगरमाथा पार्क’ नामाकरण गरिएको छ ।

नेपालीहरुको समेत बाक्लो बसाई रहेको उक्त क्षेत्रमा शनिबार एक कार्यक्रमबीच पार्कको नामाकरण गरिएको हो । ‘लावर सिटीको रूपमा परिचित शहर ब्राम्प्टनको चेरीट्री ड्राइभमा अवस्थित उक्त पार्कलाई नेपालसँग जोड्न पाउँदा खुशी लागेको नेप्लिज कम्यूनिटी नेटवर्क अफ क्यानाडाका अध्यक्ष नरबहादुर क्षेत्रीले बताए ।

‘यहाँको सिटी काउन्सिलले सगरमाथा पार्क नामाकरण गरेको छ । अब पार्कमा पुग्दा पनि नेपालमै पुगेजस्तो लाग्छ,’ उनले विगतलाई स्मरण गर्दै भने, ‘हामीले गत जनवरीमा यस क्षेत्रका मेयरलाई भेटेर नै पार्कको नाम सगरमाथा पार्क राख्न अनुरोध गरेका थियौं । अन्तत: हाम्रो प्रस्तावको अनुमोदन भएको छ ।’

# रिगलको कैद मिनाहा बदर गरेर थुनामा पठाउन सर्वोच्चको आदेश



कात्तिक, १६ काठमाडौं/ सर्वोच्च अदालतले जन्मकैदको सजाय पाएका योगराज ढकाल ‘रिगल’को कैद मिनाहा दिने निर्णय बदर गरेको छ ।

न्यायाधीशहरु ईश्वर प्रसाद खतिवडा, सपना प्रधान मल्ल र डा. कुमार चुडालको इजलासले संविधान दिवसमा सरकारको सिफारिसमा राष्ट्रपतिले गरेको कैद सजाय मिनाहा गर्ने निर्णय बदर गर्ने आदेश गरेको हो ।

इजलासले रिगललाई बाँकी कैद माफी दिने निर्णय ‘अपराध पीडितको हक प्रतिकूल देखिएको’ भनेको छ । साथै उनलाई तत्काल थुनामा पठाउन उत्प्रेषणको आदेश समेत दिएको छ ।

आफ्ना पति चेतन मानन्धरको जघन्य हत्या गर्नेलाई कैद मिनाहाको सिफारिस गर्ने मन्त्रिपरिषद् र मन्त्रिपरिषद्को सिफारिसअनुसार कार्यान्वयन गर्ने राष्ट्रपतिको निर्णय खारेजीको माग गर्दै भारती मानन्धरले सर्वोच्च अदालतमा रिट दिएकी थिइन् ।

# सशस्त्र प्रहरीद्वारा नेपाल-भारत सीमा स्तम्भको मर्मत सुरु

साझाकुरा संवाददाता

काठमाडौं, १६ कात्तिक/ सशस्त्र प्रहरी बल नेपालले नेपाल-भारत सीमा स्तम्भको मर्मत तथा रंगरोगन कार्यको सुरूवात गरेको छ ।

विहीबार मधेश प्रदेशस्थित सशस्त्र प्रहरी बल नेपाल नं. २ छिन्नमस्ता बाहिनीका बाहिनीपति सशस्त्र प्रहरी नायव महानिरीक्षक (डीआईजी) दिपेन्द्र शाहको उपस्थितिमा धनुषास्थित नेपाल-भारत दशगजामा रहेको सीमा स्तम्भबाट मर्मतको सुरूवात गरिएको सहप्रवक्ता एवम् डीएसपी शैलेन्द्र थापाले जानकारी दिए ।

सीमा स्तम्भ मर्मतको सुरूवात गर्दै डीआईजी शाहले दुरूस्त अवस्थाको सीमा स्तम्भले सीमा सुरक्षाको जिम्मेवारी प्राप्त सशस्त्र प्रहरी बल नेपाललाई थप प्रभावकारी रूपमा सीमाको सुरक्षा गर्न सहज हुने बताए । यसले सीमा क्षेत्रमा अपराध नियन्त्रण गर्न र दुई देशबीचको सम्बन्धलाई थप मजबुद बनाउन योगदान पुऱ्याउने उनले बताए ।

सरकारबाट सशस्त्र प्रहरी बल नेपाललाई मर्मत कार्यको जिम्मेवारी प्राप्त भइसकेकाले आगामी दिनहरूमा निरन्तररूपमा मर्मत कार्य गरिने र मर्मतका क्रममा स्थानीय जनसमुदाय तथा जनप्रतिनिधिहरूको सहयोग अपरिहार्य रहेकोसमेत उनले बताए ।


उनले सशस्त्र प्रहरी बल नेपालले सीमावर्ती क्षेत्रका नागरिकको सहयोगबिना प्रभावकारी रूपमा सीमा सुरक्षा तथा सीमा अपराध नियन्त्रण गर्न असम्भव रहेको महशुस गरी सीमाबासीसँग सशस्त्र प्रहरी कार्यक्रम सुरू गरिसकेको र सोहीअन्तर्गत् गत कात्तिक १ गते छिन्नमस्ता बाहिनी महोत्तरीमा मधेश प्रदेशको भारतसँग जोडिएका एकसय ४३ वडाका अधिकांश वडा अध्यक्षहरूसँग अन्तर्क्रिया कार्यक्रम आयोजना गरिएको र उक्त अवसरमा प्राप्त सुझावहरूलाई कार्यान्वयन गर्ने चरणमा रहेकोसमेत जानकारी गराएका थिए ।

नेपाल-भारत बाउन्डरी वर्किङ ग्रुपको पाँचौं बैठकमा सन् २०१४ पछि मर्मत तथा निर्माण भएका सीमा स्तम्भहरूमध्ये जोर नम्बरको सीमा स्तम्भहरू भारतीय सशस्त्र सीमा बल (एसएसबी) ले सशस्त्र प्रहरी बल नेपालको उपस्थितिमा र बिजोर नम्बरको सीमा स्तम्भ नेपालले मर्मत गर्ने निर्णय भएको थियो ।

२०७७ साउन १९ गतेको सरकारको मन्त्रिपरिषद्को निर्णयअनुसार सन् २०१४ पश्चात् मर्मत तथा निर्माण भएका बिजोर सीमा स्तम्भहरू सशस्त्र प्रहरी बल नेपाललाई मर्मत गर्ने जिम्मेवारी दिएको थियो। त्यसपछि पहिलो चरणमा मधेश प्रदेशमा रहेको एक हजारभन्दा बढी सीमा स्र्तम्भहरूको मर्मत हुनेछन् ।

# चन्द्रागिरिबाट प्याराग्लाइडिङ उडान, चित्लाङमा अवतरण

साझाकुरा संवाददाता



काठमाडौं, १६ कात्तिक/ काठमाडौं उपत्यकाको एक व्यस्त ‘हिल स्टेसन’ चन्द्रागिरिबाट अब प्याराग्लाइडिङको व्यावसायिक उडान सुरू भएको छ । बाबु एड्भेन्चर्सले चन्द्रागिरिबाट उडान गरी मकवानपुरको चित्लाङमा अवतरण गर्न सकिने गरी प्याराग्लाइडिङ सञ्चालनमा ल्याएको हो ।

हाइ अल्टिच्युड प्याराग्लाइडिङका लागि नेपालका पहिलो प्रशिक्षक पाइलट सानोबाबु सुनुवारले यो कम्पनीमार्फत् व्यवसायी उडान थालेका हुन् । सुनुवार नेसनल जियोग्राफ्रीबाट ‘एडभेन्चर्स अफ इयर-२०१२’ अवार्ड विजेता हुन् ।

भालेश्वर मन्दिरबाट २० मिनेट पश्चिमतर्फको चन्द्रागिरि डाँडाबाट प्याराग्लाइडिङ उडान सुरू हुने गरी माथिल्लो स्टेसन तोकिएको छ । चन्द्रागिरि (२३ सय मिटर)बाट सुरू भएको उडान त्यहाँबाट आकाशमा सय मिटरसम्म उचाइ लिने कम्पनीले जनाएको छ । त्यसपछि १७ सय मिटर उचाइ रहेको चित्लाङमा प्याराग्लाइडिङको अवतरण गरिन्छ ।

प्याराग्लाइडिङ उडानका क्रममा भालेश्वर मन्दिरको ‘एरियल भ्यू’का साथै काठमाडौं उपत्यकाको अधिकांश भू-भागको अवलोकन गर्न सकिने कम्पनीले जनाएको छ ।

उडानका दौरान रसुवा र धादिङका भू-भागसमेत देख्न पाइन्छ । उडानबाट मकवानपुरको टिस्टुङ, पालुङ लगायत मानव निर्मित इन्द्रसरोवर तालको समेत आकर्षक दृश्यावलोकन गर्न सकिने बताइएको छ । मौसम खुलेको बेला उत्तरतर्फ फराकिलो हिमश्रृङ्खला देखिन्छ ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?


Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# कांग्रेस बागमती प्रदेश संसदीय दलको सचेतकमा लम्साल नियुक्त

साझाकुरा संवाददाता



हेटौंडा, १६ कात्तिक/ नेपाली कांग्रेस बागमती प्रदेश संसदीय दलको प्रमुख सचेतकमा गोविन्द लम्साल नियुक्त भएका छन् ।

रिक्त रहेको सचेतक पदमा संसदीय दलका नेता बहादुरसिं लामाले लम्साललाई नियुक्त गरेका हुन् । लम्साललाई सचेतकमा १ असोजमा नियुक्त गरिए पनि सार्वजनिक भने गरिएको थिएन । नेपाली कांग्रेस प्रदेशसभा संसदीय दलको विधान २०७४ को धारा ११ को उपधारा (१) बमोजिम बागमती प्रदेश संसदीय दलको प्रमुख सचेतकमा लम्साललाई नियुक्त गरिएको हो । गत पुसमा संसदीय दलको नेतामा निर्वाचित भएसँगै लामाले दोलखाबाट निर्वाचित सांसद कुन्दनराज काफ्लेलाई दलको प्रमुख सचेतक नियुक्त गरेका थिए ।

करिब २ महिना कांग्रेस प्रमुख प्रतिपक्षको भूमिकामा रहँदा काफ्लेले जिम्मेवारी सम्हालेका थिए । उक्त समयमा प्रदेश सरकारको नेतृत्व एमाले र राप्रपाको समर्थनमा माओवादी केन्द्रले गरेको थियो । राष्ट्रपति निर्वाचनमा सत्ता समीकरण फेरिएसँगै गत चैतमा कांग्रेस सरकारको समर्थन गर्दै सत्तारुढ दल बनेको थियो । सरकारको नेतृत्व माओवादी केन्द्रलाई सुम्पिएको कांग्रेसले सतापक्ष दलको मुख्य सचेतक समेत गुमाएको थियो । सत्तापक्ष भएसँगै कांग्रेसका काफ्लेले पाएको प्रमुख सचेतकको सेवा सुविधासहित माओवादी केन्द्रका सांसद रतनप्रसाद ढकालको पोल्टामा परेको थियो ।

कांग्रेस सांसद् काफ्ले सचेतकको जिम्मेवारीमा झरेपछि उनले गत भदौ १८ मा सचेतक पदबाट राजीनामा दिएका थिए । काफ्लेको राजीनामा पछि उक्त पद रिक्त थियो । लम्साल २०७९ मंसिर मा भएको प्रदेशसभा निर्वाचनमा धादिङ क्षेत्र नम्बर २ (क)बाट निर्वाचित सांसद् हुन् ।

# विद्यार्थीलाई बजार अनुगमन गर्न सिकाउँदै मत्स्यनारायण

साझाकुरा संवाददाता



हेटौंडा, १६ कात्तिक/ थाहा नगरपालिका वडा नम्बर-२, स्थित मत्स्यनारायण माध्यमिक विद्यालयले आफ्ना विद्याथीहरुलाई सिकाई क्रियाकलापमा बजार अनुगमन गराएको छ ।

विद्यालयले कक्षा-१० मा अध्ययनरत् विद्यार्थीलाई प्रयोगात्मक सिकाई क्रियाकलापअन्तर्गत् विद्यालय नजिकैको बजारको अनुगमन गराएको प्रधानाध्यापक विष्णुहरि ढकालले जानकारी दिए । कक्षा-१० को सामाजिक विषयको एकाई ५ को पाठ ८ को उपभोक्ता अधिकारअन्तर्गत्को सिकाई क्रियाकलापमा बजारमा किनेको सामान तोकिए बमोजिमको गुणस्तर भए/नभएको पहिचान गर्न प्रत्यक्ष विद्यार्थीको सहभागितामा बजारमा नै गई खाद्यवस्तुको नाम, उत्पादन मिति, उत्पादित वस्तुको म्याद, वस्तुको मिश्रणको अवस्था, मूल्य, तौललगायतको अवलोकन गराई प्रयोगात्मक अभ्यास गराइएको शिक्षक श्याम तामाङले बताए ।

बजार प्रणालीलाई प्रतिस्पर्धी र उपभोक्ताप्रति जिम्मेवार बनाउन प्रचलित कानुनको कार्यान्वयमा जोड दिँदै उपभोक्ता शिक्षासम्बन्धी सचेतना र बजार अनुगमन र उपभोक्ता हित संरक्षणलाई विशेष प्राथमिकतामा लिइ विद्यार्थीहरुलाई शैक्षिक क्रियाकलापमा सहभागी गराइएको प्रधानाध्यापक ढकालले सुनाए । विद्यार्थीहरुलाई बजार अनुगमन कार्य सिकाउँदा बजारको गुणस्तरमा प्रगति हुने विश्वास लिइएको छ ।

# बागमतीका दुईसय सहकारीविरुद्ध उजुरी

साझाकुरा संवाददाता

हेटौंडा, १६ कात्तिक/ विगत साढे ५ वर्षमा बागमती प्रदेशलाई कार्यक्षेत्र बनाएर काम गरिरहेका २ सय १५ सहकारीविरुद्ध उजुरी परेको छ ।

प्रदेशको पर्यटन, उद्योग तथा सहकारी मन्त्रालयअन्तर्गत्को सहकारी महाशाखामा यी सहकारी विरुद्ध उजुरी परेको हो । संचालकहरु बीचको समस्या, संचालक समितिको अधिकारमा हस्तक्षेप गरी काममा अवरोध, अध्यक्ष भागेको, निक्षेपकर्ताको रकम फिर्ता नगरेको, महँगो ब्याज, मिटर ब्याज र संचालकले नै ऋण नतिरेको जस्ता उजुरी प्राप्त भएको महाशाखाको तथ्यांकमा उल्लेख छ । प्रदेश सरकार मातहत ३ हजार २ सय ७२ सहकारी छन् । २ सय १५ उजुरीमध्ये अधिकांश सहकारी बहुउद्देश्यीय र बचत संस्थाबिरुद्ध रहेको सहकारी महाशाखाका कानुन अधिकृत मनोजकुमार गुप्ताले बताए ।

महाशाखाको तथ्यांकअनुसार २ सय १५ सहकारीमाथि ३ हजार जनाभन्दा बढीले उजुरी दर्ता गराएका छन् । बागमती प्रदेश सरकारअन्तर्गत् रहेका र प्रदेशलाई क्षेत्राधिकार बनाएको सहकारीहरुबाट १ खर्ब ८८ अर्ब ३२ करोडभन्दा बढी रकम ऋण परिचालन भएको र २ खर्ब १० अर्ब रुपैयाँभन्दा बढी बचत संकलन गर्ने गरिएकोसमेत कानुन अधिकृत गुप्ताले जानकारी दिए । महाशाखाले उजुरी कर्ताबाट प्राप्त निवेदनमा अनुसन्धान प्रक्रिया प्रारम्भ गरेको रजिष्ट्रार राधाकृष्ण खतिवडाले बताए ।

जसअनुसार पहिलोपटक १५ दिनको समयसीमा राखेर बचतकर्ताको बचत रकम फिर्ताका लागि पत्राचार गर्ने गरिएको छ । पत्र अनुसार संचालक समितिले बचत फिर्ता वा समस्या समाधान गर्न नसकेको खण्डमा पुन: ७ दिनको समयसीमा दिएर ताकेता गर्दै पत्र काट्ने गरिएको उनले बताए । त्यसपश्चात् पनि समस्या समाधान नभएको खण्डमा पत्र काटेर छलफलका लागि बोलाउने र त्यति गर्दा पनि सम्पर्कमा नआएको खण्डमा उजुरीको प्रकृतिका आधारमा प्रहरी वा सीआईबीमा पठाउने गरिएको उनले जानकारी दिए ।

# सरकारले तिहारमा चिनी अभाव हुन नदिने

साझाकुरा संवाददाता

काठमाडौं/ सरकारले तिहारमा चिनी अभाव हुन नदिने भएको छ । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले सुरक्षा निकाय प्रमुख तथा वाणिज्य विभागका महानिर्देशकलगायतसँग छलफलपछि उद्योगहरूबाट बजारमा चिनी आउने भएको हो ।

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' को निर्देशन अनुरूप प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सचिव गणेश पाण्डेले नेपाल प्रहरी, सशस्त्र प्रहरी तथा राष्ट्रिय अनुसन्धान विभागका महानिर्देशकहरूसँग अवैध ढंगले भित्रिएको तथा उद्योगहरूले बजारमा नपठाएको चिनी अनुगमन गर्ने विषयमा छलफल गरेका थिए ।

बिहीबार विहान प्रधानमन्त्री प्रचण्डले उद्योग तथा वाणिज्य मन्त्री तथा मुख्यसचिवलाई चिनी अभाव सिर्जना हुन नदिन सबै उपायको खोजी गर्न निर्देशन दिएका थिए ।

हाल अवैध ढंगले नेपाली बजारमा चिनी भित्रिएको र चर्को मूल्यमा करछली गर्दै बजारमा पठाइने गरेको सूचनाका आधारमा आवश्यक कारबाही गर्ने विषयमा बैठकमा छलफल भएको थियो । यसका साथै नेपाली उद्योगहरूले आमउपभोक्तालाई सहज हुने किसिमले बजारमा चिनी आपूर्ति गर्नुको साटो कतिपय ठूला उद्योगलाई आपूर्ति गर्न गोदाममा राखेकाले उक्त चिनी बजारमा ल्याउने विषयमा समेत छलफल भएको थियो।

वाणिज्य विभागको तथ्यांक अनुसार, नेपालमा उत्पादन हुने चिनीको सत्तरी प्रतिशत चिनी विभिन्न पेय पदार्थ, मिठाइ, चकलेट, विस्कुटलगायतका उद्योगहरूमा आपूर्ति हुन्छ ।

बिहीबारको बैठकमा नेपाल प्रहरीले सबै चिनी उद्योगको भण्डारण तथ्यांक जाँच गर्ने तथा सोका आधारमा बजारमा चिनी पठाउन उद्योगीहरूसँग छलफल गरिने निर्णय भएको छ ।

हालसम्म ३ हजार मेट्रिक टन चिनी बजारमा पठाउने पनि सुनिश्चित गरिएको छ । नेपाल साल्ट ट्रेडिङले शुक्रबार नै उक्त चिनी खरिद गरी खुद्रा उपभोक्तामार्फत् बजारमा ल्याउनेछ । साल्ट ट्रेडिङसँग यसअघि नै १६ सय मेट्रिक टन चिनी मौज्दात छ । चिनी उद्योगहरूको भण्डार तथ्यांकका आधारमा आमउपभोक्ताको माग पूर्ति गर्न बजारमा चिनी पठाउन समन्वय गरिने र अनुगमन समेत तीव्र पारिने भएको छ।

# थाहामा कात्तिक अन्तिममा विनयबाबु बस्नेत स्मृति भलिबल

साझाकुरा संवाददाता

हेटौंडा, १६ कात्तिक/ जिल्लाको उत्तरी क्षेत्रस्थित थाहा नगरपालिकाको प्रतिष्ठित विनयबाबु बस्नेत स्मृति जिल्लास्तरीय भलिबल प्रतियोगिता हुने भएको छ ।

विनयबाबु बस्नेत स्मृति जिल्ला स्तरीय रनिङशिल्ड भलिबल प्रतियोगिताको तयारी तीव्र पारिएको छ । थाहा नगरपालिका वडा नम्वर -२ मा हुने प्रतियोगिता कात्तिक २५ गतेबाट सुरु भएर २७ गते समापन हुने विनयबाबु बस्नेत स्मृति प्रतिष्ठानका अध्यक्ष शंकर कार्कीले जानकारी दिए । प्रतियोगितामा सहभागिताका लागि कात्तिक २३ गतेसम्म टिम दर्ता गरिसक्नु पर्ने कार्कीले बताए ।

दर्ता शुल्क प्रतिष्ठानले तीन हजार रुपैयाँ तोकेको छ । प्रतियोगितामा प्रथम हुनेलाई नगद ५५ हजार ५ सय ५५ रुपैयाँ, द्वितीयलाई २८ हजार ८ सय ८८ रुपैयाँसहित शिल्ड, मेडल र प्रमाणपत्र प्रदान गरिने छ । प्रतियोगितामा उत्कृष्ट पाँच विधाअन्तर्गत् उत्कृष्ट खेलाडी, उत्कृष्ट प्रशिक्षक, उत्कृष्ट डिफेन्डर, उत्कृष्ट स्पाइकर र उत्कृष्ट ब्लकरलाई नगदसहित मेडल प्रदान गरिने छ ।

प्रतियोगिताको हरेक खेलमा म्यान अफ दी म्याच प्रदान गरिने छ । प्रतियोगितामा करिव १५ वटा टिमले सहभागिता जनाउने आयोजक प्रतिष्ठानको अनुमान रहेको छ । विनयबाबु बस्नेत स्मृति प्रतिष्ठानले छैठौं संस्करणको प्रतियोगिता आयोजना गर्न लागेको हो । प्रतियोगिताको पाँचौ संस्करणको उपाधि मकवानपुरगढी गाउँपालिकाले जितेको थियो । सशस्त्र प्रहरीमा सेवारत् विनयबाबु बस्नेतको दुर्घटनामा परी निधन भएपछि उनको नाममा वि.स. २०७४ सालबाट प्रतियोगिता सुरु गरिएको थियो ।

# हेटौंडामा गुरुङ र जि-बबको प्रस्तुति

साझाकुरा संवाददाता

हेटौंडा, १६ कात्तिक/ हेटौंडामा पहिलो पटक तिर्सना गुरुङको ब्याण्ड र ऱ्यापर जि-बबको सांगीतिक प्रस्तुती हुने भएको छ ।

स्वतन्त्र युवा समाज हेटौंडा-९ को आयोजनामा हुने हेटौंडा साँस्कृतिक मनोरञ्जन कार्यक्रम-२०८० उनीहरुले आफ्नो सांगीतिक प्रस्तुती दिइने जनाइएको छ । बिहीबार पत्रकार सम्मेलन गर्दै कार्यक्रमबारे जानकारी गराइएको थियो । हेटौंडा-९ स्थित औद्योगिक खेल मैदानमा हुने कार्यक्रम कात्तिक २० गतेदेखि २८ गतेसम्म सञ्चालन हुने कार्यक्रम संयोजक किरण लामाले बताए । कार्यक्रममा २० गते गायक धिरज राई, २२ गते प्रिति आले, २३ गते तिर्सना गुरुङको ब्याण्डले आफ्नो प्रस्तुती दिने संयोजक लामाले बताए ।

यसैगरी, २४ गते लोक दोहोरी गायक रमेश प्रसाईं र कल्पना दाहालको प्रस्तुती रहनुका साथै २५ गते गायिकाका ज्योति मगरको प्रस्तुती रहने जनाइएको छ । ऱ्यापर जि-बबको प्रस्तुती भने २६ गते र हने संयोजक लामाले बताए । कार्यक्रममा द पनम ब्याण्डका साथै स्थानीय ब्याण्डहरुको पनि प्रस्तुती रहने जनाइएको छ । कार्यक्रममा ज्येष्ठ नागरिक र १० वर्ष मुनिका बालबालिकालाई नि:शुल्क रहने र अन्यलाई एक सय रुपैयाँ शुल्क लाग्ने आयोजक संस्थाका अध्यक्ष सुशील मल्लले बताए ।

तिर्सना गुरुङ र जि-बबको प्रस्तुतीको दिन भने तीन सय ५० शुल्क लाग्ने र रमेश प्रसाईं र कल्पना दाहाल आउने दिन भने एक सय ५० टिकट शुल्क लाग्ने अध्यक्ष मल्लले जानकारी दिए । कार्यक्रममा २४ लाख खर्च हुने अनुमान रहेको आयोजकको रहेको छ । जिल्ला समन्वय समिति मकवानपुरका सदस्य वीरेन्द्रबहादुर जिम्बाको संरक्षणमा उक्त कार्यक्रम गरिन लागेको हो ।

# युनेस्कोको फिल्म विधामा कसरी छनोट भयो काठमाडौं ?

काठमाडौं, १६ कात्तिक/ युनेस्कोले छनोट गरेका विश्वका ५५ सहरमध्ये काठमाडौं फिल्म विधामा छनोट भएको छ । युनेस्कोको रचनात्मक सहर सञ्जाल (क्रियटिभ सिटीज नेटवर्क) अन्तर्गत् विश्व सहर दिवसको अवसरमा मंगलबार काठमाडौंलाई यो विधामा छनोट गरिएको हो ।


रचनात्मक सहर सञ्जालअन्तर्गत् युनेस्कोले विश्वभरका सहरलाई सात वटा रचनात्मक क्षेत्रमा विभाजन गरेको थियो- शिल्प र लोक कला, डिजाइन, चलचित्र, ग्यास्ट्रोनमी (खानाका परिकार), साहित्य, मिडिया कला र संगीत । यी विधामध्ये काठमाडौं महानगर पालिकाले फिल्म र ललितपुर महानगरपालिकाले संगीत विधामा आफ्नो प्रस्तावना युनेस्कोलाई बुझाएको थियो । काठमाडौं भने छनोट हुन सफल भयो । काठमाडौं कसरी युनेस्कोको सञ्जालमा छनोट भयो र काठमाडौंमा अब फिल्मको विकास कसरी हुन्छ भन्ने विषयमा हामीले युनेस्को र काठमाडौं महानगर पालिकासँग कुराकानी गरेका छौं।

युनेस्कोको संस्कृति विभागका संयोजक सरोज कुशवाहाका अनुसार 'रचनात्मक सहर सञ्जाल' भन्ने कार्यक्रम युनेस्कोले सन् २००४ बाट गर्दै आएको हो ।

नेपालले यसमा सहभागिता जनाएको यो पहिलोपटक हो । एकपटकमा दुइटा सहरले मात्र आवेदन दिन पाउनेमा नेपालबाट काठमाडौं र ललितपुरले दिएको थियो । सोहीअनुसार काठमाडौं फिल्म विधामा छनोट भएको उनी बताउँछन् । 'आवेदन दिएका सहरले चार वर्षे कार्ययोजना बुझाउनुपर्छ । त्यसैको आधारमा युनेस्कोले छनोट गर्छ ।


## जय शिव शम्भो

## धार्मिक यात्रामा जाने हो ?



मथुरा, वृन्दावनको लागि
२०८० मंसिर १४ गते
रिजर्भ बस खुल्दैछ

*(दर्शनीय स्थानहरु: राम जन्मभूमि अयोध्या, नैमिसारण्य, मथुरा, वृन्दावन, गोकुल, गोवर्धन, नन्दगाउँ, वर्सानाहुँदै ८ देखि ९ दिनमा नेपाल आइपुगिनेछ ।)*

भाडा प्रतियात्रु ने.रु. १६,०००।- लाग्नेछ ।
(विहान बेलुकाको खानासहित)

*(नोट: रिक्सा, टाँगा, धर्मशाला अन्य खर्च यात्रु स्वयम्ले व्यहोर्नु पर्नेछ ।)*

**सम्पर्क:**
गोपाल थापा
हेटौंडा बसपार्क
९८४५२९७६८१


# हेटौंडामा शिक्षक संगठन प्रदेश अधिवेशन



साझाकुरा संवाददाता

हेटौंडा, १६ कात्तिक/ हेटौंडामा नेपाल राष्ट्रिय शिक्षक संगठन बागमती प्रदेशको अधिवेशन आगामी मंसिर २२ र २३ गते हेटौंडामा हुने भएको छ ।

काठमाडौंको दरबार स्कुलमा कात्तिक १४ गते बसेको प्रदेश समितिको विस्तारित बैठकले अधिवेशन हेटौंडामा गर्ने निर्णय गरेको हो । समितिका अध्यक्ष नीरबहादुर कार्कीको अध्यक्षतामा भएको बैठकले महत्वपूर्ण सांगठनिक निर्णयहरु समेत गरेको सचिव राजेन्द्र श्रेष्ठले जानकारी दिए । संगठन प्रदेश सदस्य एवम् मकवापुर अध्यक्ष श्रीराम दाहालले अधिवेशनको आन्तरिक तयारी अघि बढाइने जनाए ।

विस्तारित बैठकले अधिवेशनका लागि विषयगत जिम्मेवारी समेत तोकेको छ । जसअन्तर्गत प्रदेश उपाध्यक्षको संयोजकत्वमा अतिथि सत्कार उपसमिति गठन भएको छ भने खाना, आवास तथा मञ्च व्यवस्थापन उपसमितिमा संयोजक जिल्लाका अध्यक्ष श्रीराम दाहाल सहितका सदस्यहरु रहेका छन । यसैगरी, प्रदेश सचिवको संयोजकत्वमा गठित प्रचारप्रसार उपसमितिमा सदस्य सुनिल गौतमसहित प्रदेशका १३ वटै जिल्ला अध्यक्षहरु रहेका छन । आर्थिक व्यवस्थापन उपसमितिमा कोषाध्यक्षको संयोजकत्वमा १३ वटै जिल्लाका अध्यक्षहरु सदस्य तोकिएका छन । प्रदेश सहसचिवको संयोजकत्वमा गठित टिपोट समितिमा प्रदेश सदस्य सुनिल गौतम र रसुवा जिल्ला अध्यक्ष सदस्य रहने गरी जिम्वेवारी प्रदान गरिएको छ ।

अधिवेशन सचिवालय व्यवस्थापनतर्फ प्रदेश समिति सचिवालय सदस्य मोहन शर्माको संयोजकत्वमा सदस्य सुनिल गौतम तथा मकवानपुरका बालकृष्ण दाहाल, मधु आचार्य र कृष्णप्रसाद पोखरेललाई सदस्य तोकिएको छ । निर्वाचन अधिवेशन समेत भएकाले बैठकले जिल्ला बार मकवानपुरका पूर्वअध्यक्ष मदन दाहालको संयोजकत्वमा संगठन राष्ट्रिय समिति निवर्तमान सदस्य पद्मा पौडेल र राष्ट्रिय परिषद् सदस्य रमेशप्रसाद लामिछानेलाई निर्वाचन मण्डलको जिम्वेवारी प्रदान गरेको छ ।

निर्णय बमोजिम प्रदेशअन्तर्गत रहेका प्रत्येक जिल्लाले मंसिर १५ सम्म प्रतिनिधिहरुको नामावली नयाँ संशोधित विधान बमोजिम प्रदेश समितिलाई उपलब्ध गराउनुपर्नेछ । बैठकले बारा जिल्ला कलैयाको बाल एकता बोर्डिङ इङ्लिस स्कुलका प्रिन्सिपल रुपेस सर्राफको हतियारधारी अज्ञात समूहले गोली हानी गरिएको हत्याप्रति घोर भर्त्सना गर्दै दोषीमाथि हदैसम्मको कारबाहीको माग गर्दै विज्ञप्ती समेत जारी गरेको छ ।

यता विद्यालय शिक्षा विधेयकका सन्दर्भमा पछिल्लो समय भएको काठमाडौं केन्द्रित शिक्षक आन्दोलनका सम्वन्धमा पनि विस्तारित बैठले गम्भीर छलफल गरेको छ । आन्दोलबाट प्राप्त हुनुपर्ने उपलब्धीलाई नेतृत्वले गरेको नजर अन्दाजप्रति गम्भीर भएर अन्तर संगठन छलफल हुनुपर्ने माग राख्दै बैठकले सचेत समेत गराएको छ । यसअघि संगठनका ६० जिल्ला अध्यक्षले असन्तुष्टी व्यक्त गर्दै राष्ट्रिय समितिलाई हस्ताक्षरसहित राष्ट्रिय भेला बोलाउन माग गर्दै ध्यानाकर्षण पत्र समेत बुझाएको प्रदेस सदस्य एवम् मकवानपुर अध्यक्ष श्रीराम दाहालले बताए ।

## हेटौंडा उपमहानगरपालिका

नगर कार्यपालिकाको कार्यालय
हेटौंडा, मकवानपुर
बागमती प्रदेश, नेपाल

## व्यवसाय दर्ता घुम्ती शिविर सन्चालनसम्बन्धी सूचना

हेटौंडा उपमहानगरपालिका क्षेत्रभित्र व्यापार वा पेशा व्यवसाय संचालन गरिरहनु भएकाहरुको लागि आ.व. २०८०/८१ को पौष मसान्तसम्म व्यवसाय दर्ता गर्न आएमा एक पटकको लागी विगत ३ वर्षको मात्र राजश्व लिई व्यवसाय दर्ता घुम्ती परिचालन टोली निम्न वडा ३, ४, ५, ६, ७, ८, ९, ११, १२, १३, १४, १५, १६, १७, १८ र १९ वडाहरुमा मिति २०८० कात्तिक १३ गते देखि पौष मसान्तसम्म तपशिल अनुसारको मितिहरुमा सन्चालन गरिने भएको हुंदा सम्बन्धित व्यवसायी, उद्यमी, सस्थागत विद्यालय, निजी कम्पनि, व्यापार व्यवसाय लगायतका बिभिन्न आयमूलक काममा संलग्न फार्महरुलाई व्यवसाय दर्ता गर्नु हुन जानकारी गराईन्छ । र बांकी वडाका व्यवसायीहरुले आफुलाई पायक पर्ने वडा तथा हे.उ.म.न.पा.को राजश्व शाखामा आई व्यवसाय दर्ता गर्न सकिने छ । साथै व्यवस्थाय दर्ता गर्न आउँदा तपशिलका कागजात लिइ आउनु हुन अनुरोध गरिन्छ ।

**तपशिल**:-

१. व्यवसाय दर्ता निवेदन पत्र ।
२. व्यवसाय अन्य निकायमा दर्ता भएको भए सोको प्रतिलिपी ।
३ आफ्नै छ र भएमा लालपुर्जाको फोटोकपी र चालु आ.व. सम्मको एकीकृत सम्पत्ति कर तिरेको रसिदको प्रतिलिपी (एकाघरको हकमा मन्जुरीनामा ) ।
४. बहालमा भएमा घर धनिको लालपुर्जाको फोटोकपी र चालु आ.व. सम्मको एकीकृत सम्पत्ति कर तिरेको रसिदको प्रतिलिपी साथै बहाल सम्झौता पत्रको प्रतिलिपी ।
५. व्यवसायीको नेपाली नागरिकताको फोटोकपी र दुई प्रति पासपोर्ट साइजको फोटो ।
६. कम्पनी/प्रा.लि. को हकमा प्रवन्धपत्र, नियमावली, प्रा.लि.दर्ता प्रमाण पत्रको प्रतिलिपी,अख्तियार नामा लिई दर्ता गर्न आउने व्यक्तिको नागरिकताको प्रतिलिपी, तथा कम्पनीको छाप अनिवार्य ।
७. सर्जिमिन गर्नुपर्ने प्रकृतिका व्यवसायलाई स्थलगत सर्जिमिन मुचुल्का तथा वडाको सिफारिस ।

**पुनश्च :-**

माथि उल्लेखित कागजात नभएमा निम्न कागजाश पेश गर्नु पर्नेछ ।

१. ऐलानी तथा पर्ती जग्गामा अस्थाई बसोबास गर्ने व्यक्तिहरुले जग्गा धनी प्रमाण पुर्जा (निस्सा कार्ड)
२. सम्बन्धित वडा कार्यालयको शिफारिस ।
३. बिगतका सुकुम्बासी समाधान आयोगमा दर्ताको लागि पेश गरेको निस्सा र खानेपानी तथा बिद्युत मिध्र जडानको प्रमाइँ लिई आउनु हुन जानकारी गराईन्छ ।

**तपशिलका वडा कार्यालयहरूमा व्यवसाय घुम्तीशिविर सन्चालन गरिने छ ।**

| सि.नं. | वडा नं. | मिति |
|---|---|---|
| १ | १९ | २०८०/०७/१३ देखि २०८०/०७/१५ |
| २ | ३ | २०८०/०७/१६ देखि २०८०/०७/१९ |
| ३ | ११ | २०८०/०७/२० देखि २०८०/०७/२२ |
| ४ | १२ | २०८०/०७/२३ देखि २०८०/०७/३० |
| ५ | १३ | २०८०/०८/०४ देखि २०८०/०८/०६ |
| ६ | १४ | २०८०/०८/०७ देखि २०८०/०८/१० |
| ७ | १५ | २०८०/०८/११ देखि २०८०/०८/१३ |
| ८ | १८ | २०८०/०८/१४ देखि २०८०/०८/१७ |
| ९ | १७ | २०८०/०८/१८ देखि २०८०/०८/२० |
| १० | १६ | २०८०/०८/२१ देखि २०८०/०८/२४ |
| ११ | ६ | २०८०/०९/२५ देखि २०८०/०८/२७ |
| १२ | ७ | २०८०/०८/२८ देखि २०८०/०९/०१ |
| १३ | ८ | २०८०/०९/०२ देखि २०८०/०९/०४ |
| १४ | ९ | २०८०/०९/०५ देखि २०८०/०९/०८ |
| १५ | ४ | २०८०/०९/११ देखि २०८०/०९/१३ |
| १६ | ५ | २०८०/०९/१६ देखि २०८०/०९/१८ |

**हेटौडा उपमहानगरपालिका**
**राजश्व प्रशासन शाखा**

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना